**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जङ्गलमात्र होइन आसपासका वस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

**सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० चैत १९ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 01 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१०

## प्रहरीद्वारा ठगीधन्दामा पक्राउ तीन चिनियाँ नागरिक सार्वजनिक

प्रस, वीरगंज, १८ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले अनलाइन चिठा र किनमेलको प्रलोभन





देखाएर नेपाली तथा विदेशी नागरिकहरूलाई ठगी गर्ने कार्यमा सक्रिय तीनजना चिनियाँ नागरिकलाई पक्राउ गरेको जनाएको छ ।


जिप्रका, पर्साका प्रवक्ता कुमार विक्रम थापाले शनिवार दिउँसो ३ बजे सूचनाको आधारमा वीरगंज महानगर–१५ लक्ष्मणवास्थित नन्दु पटेलको घरमा छापामारी गरेको र अनलाइन शपिङ र चिठाको नाममा ठगी गर्ने उद्देश्यले सञ्चालित सूचना प्रविधिका सामानहरू बरामद गरेको जनाएको छ ।

प्रवक्ता थापाले कम्प्युटर डेस्कटप सिपियु १२० थान, मनिटर ११८ थान, मोबाइल ३६, जियो भारतीय सीमकार्ड १३ थान, ल्यापटप चार थान, एक थान प्रिन्टर, विभिन्न बैंकका तीनवटा एटिएम कार्ड, किबोर्ड २६ थान, पाँचवटा इन्टरनेट स्वीच, दुईवटा राउटर, दुईवटा मिनी इन्भर्टर, भारतीय र नेपाली नम्बरका दुईवटा गाडी, मलेशियाको मुद्रा ३७ रिङ्गिट, नेरु ४३ हजार र कम्बोडियाली मुद्रा ३५ सयसहित चिनियाँ नागरिक लियु गियु काइ, वाङ बोहान र झ्याङ झियोलाई पक्राउ गरिएको बताए । उनले अभियुक्तहरूले कल सेन्टर सञ्चालन गरेर कर्मचारीहरू राखेको र नेपाल, भारत, पाकिस्तानलगायतका देशका नागरिकहरूलाई सामाजिक सञ्जाल तथा टेलिफोनमार्फत ठगी गर्दै आएको देखिएको बताए ।

उनले यसरी ठगिएका रकम भारतका विभिन्न बैंकमार्फत कारोबार हुने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको जानकारी गराए । ती देशका नागरिकहरूलाई एजेन्टको रूपमा परिचालन गरिएको र ठगीधन्दा गरिएको देखिएको प्रवक्ता थापाले बताए । पक्राउ परेका चिनियाँ नागरिकहरूसँग चिनियाँ भाषामा संवाद गर्न तत्काल नसकिएको र अनुसन्धानमा सहयोग गर्न चिनियाँ भाषाविद्हरू बोलाइएको बताए ।

उनले घटनाबारेमा थप अनुसन्धान भइरहेको बताए ।

## तेस्रो दिनको परीक्षामा ५५८ जना अनुपस्थित



तस्वीरः फाइल

प्रस, वीरगंज, १८ चैत/

पर्सा जिल्लामा माध्यमिक शिक्षा परीक्षा (एसइई) अन्तर्गत आइतवार सम्पन्न तेस्रो दिनको परीक्षामा नियमिततर्फ ४८४ र ग्रेडवृद्धितर्फ ७४ जना गरी ५५८ जना विद्यार्थी अनुपस्थित रहेको शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय, वीरगंजका प्रमुख श्याम गुप्ताले बताए ।

उनले तेस्रो दिनको परीक्षामा नियमिततर्फ ९१४६, ग्रेडवृद्धितर्फ ४३६ जना उपस्थित भएर परीक्षा दिएको जानकारी गराएका छन् ।

पहिलो दिनको परीक्षामा नियमिततर्फ ४२६ र ग्रेडवृद्धितर्फ ६४ जना गरी ४९० जना अनुपस्थित थिए । चैत १५ गतेदेखि सञ्चालित एसइईमा पर्सा जिल्लाबाट नियमिततर्फ ९५२५, प्राविधिकतर्फ १८५, ग्रेडवृद्धितर्फ ५४३ गरी १०२५३ जना परीक्षार्थी परीक्षा दिने सूचीमा थिए । तेस्रो दिनको परीक्षा शान्तिपूर्णरूपमा सम्पन्न भएको प्रमुख गुप्ताले बताए ।

## शुल्क नतिरेको विद्यार्थीलाई जिएचपीले परीक्षाबाट वञ्चित गऱ्यो

प्रस, वीरगंज, १८ चैत/

शुल्क नतिर्न सकेको कारण जिएचपी माविले कक्षा ८ मा अध्ययनरत एकजना विद्यार्थीलाई परीक्षाबाट वञ्चित गराएको छ । वडा नं ३ छपकैया बस्ने ४५ वर्षीय घनश्याम (रवि) ठाकुरले कक्षा ८ मा अध्ययनरत छोरा ओम ठाकुरलाई परीक्षा दिनबाट वञ्चित गराइएको आरोप लगाएका छन् । उनले दुई वर्षदेखि सो विद्यालयमा छोराछोरीहरू अध्ययन गर्दै आएको बताए । पछिल्लो समय घर भाडामा नलागेको र व्यापारमा पनि घाटा भएको कारण समयमा शुल्क तिर्न नसकेको बताए । उनले शुल्क नतिरेको कारण कक्षा ८ मा अध्ययनरत छोरा र कक्षा ६ मा अध्ययनरत छोरीलाई प्रधानाध्यापकले बारम्बार मानसिक यातना दिंदै आएको र सोबारेमा आफूले वीरगंज महानगरको शिक्षा महाशाखा र स्थानीय सञ्चारकर्मीलाई अवगत गराएका कारण कक्षा ८ को परीक्षाबाट छोराछोरीलाई वञ्चित गरिएको बताए ।

उनले विद्यालयले छोराको कक्षा ८ को परीक्षाको लागि फाराम भर्न नदिएको बताए । उनले चैत १६ गते न्यायिक समिति वीरगंज महानगरपालिकामा लिखित उजूरी दिएको बताए ।

नगरप्रमुख राजेशमान सिंहले गत वर्ष नै परीक्षा शुल्कको कारण कुनै पनि विद्यार्थीलाई परीक्षाबाट वञ्चित नगराउन निर्देशन दिएका थिए तर सोको पालना जिएचपी माविले गरेको छैन । उनले



तस्वीरः फेसबूक

आफ्नो आर्थिक अवस्था खराब भएको र छोराछोरीको अध्ययनबापतको शुल्क तिर्न भनेर बन्डपत्र गरेको र केही नगद पनि दिएकोमा विद्यालयले सोको बर्खिलाप परीक्षाबाट वञ्चित गरेको भनी दुःख व्यक्त गरे ।

उनले कक्षा ६ मा अध्ययनरत छोरीलाई पनि विद्यालय नआउनू भनेर धम्क्याउने गरेको बताए । अध्यापनको क्रममा शुल्ककै कारण विद्यालयले चार/चार घण्टा कक्षाबाहिर यातना दिएर राख्ने, प्रधानाध्यापकले बोलाएको बहानामा बारम्बार चार तलामाथिबाट तल बोलाउने र सिढी ओहोरदोहोर गराएर दुःख दिने जस्ता काम गरेको र यसबारेमा आफूले उजूरी गर्दा पनि कुनै सुनवाइ नभएको भन्दै दुःखेसो पोखे ।

शिक्षा महाशाखा वीरगंज महानगरका अधिकृत हरिराउत कुर्मीले विद्यालयका प्रधानाध्यापकसँग यसबारेमा स्पष्टीकरण सोधिएको बताए । उनले शुल्क नतिरेको कारण परीक्षाबाट वञ्चित नगर्न नगरप्रमुखको आदेश पालना नभएको भन्दै विद्यालयसँग स्पष्टीकरण सोधिएको बताएका छन् ।

## युवा विद्यार्थीहरू युरोपेली मुलुक जाने क्रम बढ्दो– नगरप्रमुख पाठक

बलिराम शुक्ला, बिरूवागुठी, १८ चैत/

पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले कक्षा १२ अध्ययन पूरा गर्नासाथै युवा विद्यार्थीहरू युरोपेली मुलुक जाने क्रम बढेको बताएका छन् । पर्सागढी नपाले आयोजना गरेको सुरक्षित आप्रवासन (सामे) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगार विषयमा जनप्रतिनिधिहरूसँगको अन्तर्क्रिया कार्यक्रममा उनले कक्षा १२ उत्तीर्ण गर्ने युवा विद्यार्थीहरू बाहिरिने क्रमले गर्दा देशमा युवा दक्ष जनशक्तिको अभाव सिर्जना भएको बताए ।

उनले विदेशिने युवा विद्यार्थीहरूले सीप सिकेर श्रम स्वीकृति लिई कानूनी बाटोबाट जानुपर्नेमा त्यसो नगर्दा विदेशमा गएर दुःख पाउने क्रम पनि बढेको बताए । उनले यसबाट उन्मुक्तिका लागि विदेश जानैपर्ने युवा विद्यार्थीहरूले कानूनी बाटो अवलम्बन गर्नुपर्ने सुझाव दिए ।

प्रमुख प्रशासकीय अधिकृत रामदत्त भट्टले देशमा रहेका युवा जनशक्तिलाई पर्याप्त रोजगार दिन नसक्दा विदेशिने क्रम बढेको बताए । उनले विदेशिने विद्यार्थीहरूले सुरक्षित, मर्यादित र शोषणरहित उपलब्धिमूलक तरीकाले जानुपर्ने बताए । बिचौलियाको माध्यमबाट कानूनविपरीत विदेशिनेहरू विदेशमा दुःख




तस्वीरः प्रतीक

पाइरहेका र फर्कन समस्या भएकोतर्फ उनले ध्यानाकर्षण गराए । सुरक्षित आप्रवासन (सामी) कार्यक्रम पर्साका संयोजक रामाशङ्कर कुशवाहाले जिल्लाका चारवटा पालिका वीरगंज महानगर, पर्सागढी नगरपालिका, सखुवाप्रसौनी र ठोरी गाउँपालिकामा कार्यक्रम आयोजना गरेर वैदेशिक रोजगारमा जानेहरूलाई सचेत बनाउँदै आएको बताए । उनले वैदेशिक रोजगारमा जाने र आउने दुवैलाई यो कार्यक्रमले सूचना, न्यायमा पहुँच, सामाजिक परामर्श, वित्तीय साक्षरता र विभिन्न सीपमूलक तालीम दिने गरेको जानकारी गराए ।

कार्यक्रममा उपप्रमुख पूजा चौधरी, वडाध्यक्षहरू राजकुमार खवास, वीरेन्द्र महतो, सुकमान तामाङ, शेख खुर्सेद, नवलकिशोर साहलगायतको सहभागिता थियो । कार्यक्रममा सहभागीहरूलाई शिवचन्द्र गौरोले प्रशिक्षण दिएको पर्सागढी वैदेशिक रोजगार शाखा प्रमुख चन्द्रकिशोर चौधरीले बताए ।

## गहवामाईको निसान र डोलीयात्रामा सहभागी हुन आह्वान

प्रस, वीरगंज, १८ चैत/

गहवामाई सञ्चालक समितिले आइतवार पत्रकार सम्मेलन गरी पहिलोचोटि हुन गइरहेको निसानसहितको डोलीयात्रामा सहभागिताको लागि आह्वान गरेको छ ।

गहवामाई सञ्चालक समितिका अध्यक्ष नरेन्द्र शाहले आगामी वैशाख ४ गते बेलुका ४ बजेदेखि गहवामाई मन्दिरको निसानसहितको डोलीयात्रा निकालिने भएकोले यात्रामा नगर र



तस्वीरः सौजन्य

बाहिरका सम्पूर्ण भक्तजनलाई सहभागिता जनाएर सफल पार्न आग्रह गरे ।

पत्रकार सम्मेलनमा विजय उपाध्याय, ध्रुव नेपाल, गणेश साह, दिना गुप्तालगायतको सहभागिता थियो ।

## हत्यारालाई कारबाइको माग गर्दै गौरमा प्रदर्शन

प्रस, रौतहट, १८ चैत/

गरुडा नगरपालिका–५ का रामजी पडितको हत्यारालाई कारबाईको माग गर्दै आइतवार गौरमा पीडित परिवारले प्रदर्शन गरेका छन् ।

गरुडा नगरपालिकाका नगरप्रमुख प्रत्याशी दीपककुमार यादवको नेतृत्वमा गौरको बिपी चोकबाट शुरू भएको जुलूसले 'ज्यान मार्ने मुद्दा दर्ता गर', 'निष्पक्ष छानबीन गर', 'हत्यारालाई कारबाई गर', 'न्याय नपाउने जिल्ला रौतहट हो' लगायतका नारा लगाएर नगरपरिक्रमा गरेको थियो ।




तस्वीरः प्रतीक

गत फागुन १७ गते दिपही खेसरहियाको बाटोमा मुखमा चोट लागेको अवस्थामा पडितको शव भेटिएको थियो । पडितकी पत्नी अनीता देवीका अनुसार इलाका प्रहरी कार्यालय, गरुडाले जाहेरी दर्ता नगरेको आरोप लगाइन् ।

## विचारसार र सूक्तिहरू

संयम आफ्नैविरुद्ध एउटा युद्ध हो ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# बिरालो शैली नअपनाउनु

**वीरगंजमा तीनजना चिनियाँ नागरिक सामाजिक सञ्जाल र टेलिफोनबाट ठगी गरेको कसूरमा पक्राउ परेका छन् । सामाजिक सञ्जाल र टेलिफोनको माध्यमबाट देश झर विदेशमा कल गरेर चिठा, पुरस्कार प्राप्त गरेको सूचना दिने र उनीहरूबाट रकम ठगी गर्ने कार्य नयाँ होइन । लामो समयदेखि यो काम हुँदै आएको छ तर पनि मानिसहरू ठगिने क्रम रोकिएको भने छैन । यसो हुनुको कारण मानिसमा लोभी प्रवृत्ति हाबी झरहनु हो । कसैले भन्दैमा चिठा पर्ने, पुरस्कारको भागी हुने होइन । त्यसका लागि सोअनुरूपको कर्म पनि गरेको हुनुपर्छ भन्ने सामान्य कुरालाई पनि मानिसहरूले नजरअन्दाज गर्दा यस प्रकारको ठगीको शिकार हुने गरेको पाइएको छ । सनमाजिक सञ्जाल म्यासेन्जर, इन्स्टाग्राम, ह्वाट्सएपलगायतका एपहरूमा तपाईंले यति झर ाशिको पुरस्कार जित्नुभएको छ भनेर सूचित गरिन्छ । मानिसहरू भने सो कार्य आफूले गरे नगरेको भेउ पाउँदैनन् । लाख, करोडको पुरस्कार कसैले सित्तैमा दिँदैन भन्ने कुरालाई बिर्सेर पुरस्कार राशिको चक्करमा मानिसहरू फस्न पुग्छन् । पुरस्कार परेको भनेर जानकारी दिनेले सोबापतको पुरस्कारको लागि निश्चित रकम बैंकमार्फत बुझाउन भन्छ र मानिसहरू गुपचुप त्यो रकम बैंकमा जम्मा गरेर पुरस्कार राशिको प्रतीक्षा गर्छन् । भनिएको समयमा पुरस्कार राशि नपाएपछि मात्र उनीहरूले आफू ठगिएको बुझ्छन् अनि प्रहरीलाई सूचित गर्छन् ।**

**यो क्रम नेपालमा लामो समयदेखि चलिआएको छ । प्रहरीले यस प्रकारको ठगीविरुद्ध नागरिकलाई सचेत पार्दै आएको पनि छ । यसका अतिरिक्त सरकारका विभिन्न निकायहरूले नागरिकलाई यस प्रकारको ठगी कार्यमा संलग्न नहुन सूचनामार्फत पनि सचेत गराउँदै आएको छ । नागरिकहरूलाई सचेत पार्ने जतिसुकै काम गरिए पनि मानिसहरू ठगिने क्रम रोकिएको छैन । म कुनै पुरस्कार योग्य कार्यक्रममा सहभागी छैन, कुनै चिठा खरीद पनि गरेको छैन, पुरस्कृत हुने कुनै काम पनि गरेको छैन अनि मलाई कसरी पुरस्कार प्राप्त भयो त भन्ने सामान्य कुरा मात्र बुझिदिने हो भने यस प्रकारको ठगी कार्यबाट जोगिन सकिनेछ । कसैले यस प्रकारको पुरस्कार पाएको सूचना दिंदा आफूले नजानेको खण्डमा टोल, समाजका मानिसहरूसँग सोध्ने, बुझ्ने अनि यस प्रकारको काममा सहभागिता जनाउने, नजनाउनेबारेमा स्वविवेक प्रयोग गर्दा जोखिम कम हुन जान्छ । तर आफूलाई पुरस्कार प्राप्त हुने खुशीमा बिरालो शैलीमा दिसा लुकाउने कार्य गरिंदा नागरिकहरू एकपछि अर्कोगरी यो ठगीको जञ्जालमा पर्दै आएका छन् ।**

**बिरालोले दिसा गर्दा उसले त्यो दिसालाई माटोले लुकाउने गर्छ । यसो गर्नुको कारण दिसा गन्हाएर वातावरण दूषित पार्छ भन्ने असल सोच होइन । आफूले जथाभावी दिसा गर्दिनँ भन्ने जताउनका लागि मात्र हो । अहिले हाम्रो समाजमा यस प्रकारका बिरालाहरू पनि छन् भन्ने कुरा यसरी हुँदै गरेको ठगीकाण्डहरूले उजागर गरेको छ । तसर्थ यस प्रकारका गतिविधि आफूले पनि नगर्ने र अरूबाट पनि हुन नदिनका लागि समाजलाई सचेत पार्न जरुरी छ । प्रहरी र सरकारले मात्र सचेतना फैलन सकेको छैन । अहिले स्थानीय तहहरूले पनि यस प्रकारका सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ । पालिकाहरूले आफ्नो क्षेत्रका जनतालाई यस प्रकारका ठगीबारेमा सचेत गराउने हो भने आगामी दिनमा ठगिने क्रम कम हुन सक्छ ।**

# नैतिक शिक्षाको प्रश्न

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**आज राम्रो शिक्षा व्यवस्थाको खाँचो छ, विद्यार्थी र शिक्षकबीच राम्रो सम्बन्धको खाँचो छ, आज अभिभावक र विद्यालयबीचको खाल्डो पुर्ने खाँचो छ, । आज हामी सबैलाई नयाँ नेपाल निर्माणको कल्पना साकार पार्न जागरुक नागरिक बन्न आवश्यक छ ।**

शिक्षा भनेको अध्ययन र ज्ञान प्राप्ति अर्थात् विद्योपार्जन हो। शिक्षाले मानिसको रुचि, योग्यता, सामाजिक मूल्य र मान्यतालाई ध्यानमा राखी आवश्यकता अनुरूप स्वतन्त्रता प्रदान गरी उसको सर्वाङ्गीण विकास गर्दछ । शिक्षाले हाम्रो सोचने, समाजमा घुलमिल गर्ने र जीवन यापन गर्ने तरीकालाई परिमार्जित गर्दछ। सद्ज्ञान र विवेक शिक्षाको देन हो । नेपालको प्राचीन शिक्षा पद्धतिले हामीलाई प्रकृति र सबैको सम्पर्कमा बस्न सहयोग गर्दथ्यो। त्यसले हाम्रो परिवेश, परिस्थिति र नेपाली संस्कारलाई राम्ररी बुझ्न पनि सहयोगीको भूमिका निर्वाह गर्दथ्यो तर नेपालको आधुनिक शिक्षा प्रणालीले हामीलाई धनी बनाउँछ, अर्थात् आधुनिक शिक्षा जीविका चलाउने साधन मात्र बनेको छ ।

आधुनिक शिक्षामा नीति र संस्कारको नितान्त अभाव छ। आधुनिक शिक्षा प्रणाली यथार्थ र व्यावहारिक ज्ञानबाट दिन प्रतिदिन टाढिँदै गएको छ। आधुनिक शिक्षा प्रणालीले मानिसलाई एकातर्फ स्वावलम्बी बनाएको छ, त्यहीं अर्कोतर्फ यो शोषणको नीतिमा आधारित छ । विकास र प्रगतिको नाउँमा यो प्रकृतिलगायत त्यस्ता हरेक कुराको शोषण गर्दछ जसको विनाशबाट उसलाई केही प्राप्त हुन्छ। यसको एकमात्र उद्देश्य मानिसलाई गाँस र वास दिलाउनु रहेको छ । मानवीय संवेदनासँग यसको कुनै सम्बन्ध छैन, किनभने यस्तो शिक्षाप्राप्त व्यक्ति आज उच्च महत्त्वाकाङ्क्षाको गुलाम बनेको छ। ऊ हरेक व्यक्तिलाई आफ्नो प्रतिस्पर्धी हेर्दछ । यस कारण ऊ वन विनाश गरेर ठूल्ठूला भवन निर्माणतर्फ लागेको छ । एकातर्फ जहाँ उसले रोगहरूमाथि विजय प्राप्त गरेको छ, त्यहीं अर्कोतर्फ स्वयंलाई समस्याको कारण पनि बनाउँदै लगिरहेको छ ।

स्वास्थ्य, धन र चरित्रमा चरित्रको स्थान सर्वोपरि छ । भनिन्छ यदि धन चोरी भयो भने पुन: उपार्जन गर्न सकिन्छ, यदि स्वास्थ्य खराब भयो भने पुन: हासिल गर्न सकिन्छ तर यदि चरित्र हनन भयो भने सबैथोक समाप्त हुन्छ । चरित्र निर्माण सजिलो कार्य होइन । चरित्र निर्माणको लागि साहस र धैर्य आवश्यक हुन्छ। तर एउटा दु:खद सत्य के हो भने आजको विद्यार्थीले योग्यताको प्रमाणपत्र त प्राप्त गर्छ तर ज्ञानार्जन गर्दैन । त्यस्तामध्ये अधिकांशलाई न ठीक-बेठीकको समझ हुन्छ, न नोकरी नै प्राप्त हुन्छ । यस कारण उनीहरू कि मनको लड्डू घ्यूसँग खाना व्यस्त हुन्छन् वा धेरै निराशाको अँध्यारोमुनि बसेका हुन्छन्।

नेपालको वर्तमान शिक्षा प्रणालीमा न चरित्र निर्माणको कुनै स्थान छ, न त्यसलाई कुनै महत्त्व नै दिइएको छ । नेपाली संस्कृतिमा गुरु र शिष्यबीचको सम्बन्ध पहिले धेरै मधुर र सुखद थियो। यसको एकमात्र कारण थियो, एक अर्कामाथि विश्वास । गुरुले शिष्यलाई आफ्नो छोराछोरी सरह र शिष्यले पनि गुरुलाई आमाबुवा जस्तै आदर प्रदान गर्दथे तर आज गुरु र शिष्यबीच केवल व्यापारिक सम्बन्ध रहेको छ। आजभोलि सञ्चार माध्यमहरूमा गुरु र शिष्यबीचको सम्बन्धमा यस्ता लज्जास्पद समाचारहरू पढ्न र सुन्न पाइन्छ जसले हाम्रो टाउको मात्र निहुरिन्छ। यसको एक मात्र मौलिक कारण शिक्षामा चरित्र निर्माणको कुरामा ध्यान नदिनु र विद्यार्थीमाथि शिक्षकवर्गको नैतिक प्रभाव नहुनु हो ।

विद्यार्थीको चरित्र निर्माणमा परिवारको भूमिका प्रमुख हुन्छ । यदि अभिभावक चरित्रवान छन् भने त्यसको असर सन्तानमा पनि देखा पर्दछ । परिवारको साथसाथै समाजको असर पनि व्यक्तिमाथि पर्दछ । समाजलाई दिशा निर्देश दिने राजनीतिक नेता र राजनीतिक कार्यकर्ताहरूको पनि राष्ट्रको चरित्र निर्माणमा महत्त्वपूर्ण भूमिका हुन्छ। ठूल्ठूला पदमा आसीन पदाधिकारीहरू स्वार्थबाट प्रेरित भई काम गरिरहेका छन् । आज हाम्रो राष्ट्रको चारित्रिक स्तर खस्केको एकमात्र कारण राजनीतिक नेता र कार्यकर्ताहरूमा नैतिकता लुप्त हुनु पनि हो। धन र सत्ता प्राप्ति राजनीतिको एकमात्र लक्ष्य बनेको छ। आजभोलि कुनै पनि नेतामाथि भरोसा गर्नु मूर्खताबाहेक केही देखिंदैन। यसबाट के प्रस्ट हुन्छ भने नेताहरूको चरित्र नै भ्रष्ट भएपछि साधारण नागरिकको चरित्र बलियो हुनु कठिन हुन्छ। भनिन्छ जस्तो नेतृत्व त्यस्तै जनता । लोकतन्त्र प्राप्तिका लागि सङ्घर्षरत नेपालीले जे सपना देखेको थियो त्यो दिवास्वप्नमा परिणत हुँदै गइरहेको छ। यसको एकमात्र कारण के हो भने जब परिवारको मुखिया नै भ्रष्ट छ भने परिवारका अन्य सदस्यहरूमाथि कसरी भरोसा गर्ने ?

विद्यार्थीहरूको चरित्र निर्माणका लागि शिक्षासँगसँगै रचनात्मक काममा पनि उनीहरूलाई समावेश गराउनु र व्यस्त राख्नु जरूरी हुन्छ। तर विडम्बना के छ भने पढाइबाहेक उनीहरूलाई न कुनै रचनात्मक कार्यक्रममा व्यस्त राखिन्छ, न यस प्रकारको दिशानिर्देश नै दिइन्छ। सामुदायिक विद्यालयको त कुरै न गरौं किनभने त्यो राजनीतिक कार्यकर्ताको संरक्षण गर्ने थलो भइसकेको छ । संस्थागत विद्यालयहरू जसले अतिरक्त पाठ्यक्रमको नाउँमा लाखौं असुली गर्छन् त्यहाँ पनि यसतर्फ कुनै विशेष ध्यान दिएको देखिंदैन। फलस्वरूप शिक्षोपरान्त बेरोजगार-आतङ्कबाट देश र समाज आक्रान्त हुन थाल्छ । जुन राष्ट्रको शिक्षित जनशक्ति घटिया कार्य, जस्तै-चन्दा असुली, एक अर्कालाई धम्काउने, अपहरण गर्ने, विभिन्न सङ्गठनको नाउँमा असुली गर्ने, लागू पदार्थ ओसारपसार गर्ने, जुवाताशमा रमाउने, जाँड-रक्सी सेवन गर्ने, दहेज लिने-दिने, यौन अपराधमा संलग्न हुने, गुण्डागर्दी गर्ने जस्ता कार्यमा संलग्न हुन्छन् वा आफ्नो राष्ट्र छाडेर अर्को राष्ट्रमा पलायन हुन बाध्य हुन्छन् वा निरन्तर हीनताबोधबाट पीडित भइरहन्छन् त्यस राष्ट्रलाई कसरी उन्नति र प्रगतिपथमा अग्रसर गराउन सकिन्छ ?

चरित्र ऱ्हासका लागि मूलत: देशको राजनीतिक नेताहरू नै जिम्मेवार छन् किनभने चरित्र ऱ्हाससँगसँगै कैयौं समस्याहरू जोडिएका छन् । जसै-जसै राष्ट्रिय चरित्रमा ऱ्हास आएको छ, त्यही गतिमा सामाजिक अपराधमा वृद्धि भएको छ । चरित्र ऱ्हास र अपराधबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ। अपराधीहरू पैसाको बलमा न्यायालयबाट छुटेका छन्। प्रहरी प्रशासनलाई पैसा खुवाएर अपराधीहरू उम्केका अनेकौं समाचार सञ्चार माध्यमबाट प्रकाशित भएका छन्। अपराधी उम्कनुको मूल कारण हो भ्रष्टाचार र शासनको मेचमा बसेका भ्रष्ट पदाधिकारीहरू । भ्रष्टाचारको कारण नै दिन प्रतिदिन अपराधमा वृद्धि भइरहेको छ। महिलाहरूको सम्मान गर्ने ठाउँमा उनीहरूको शोषण भइरहेको छ। न्याय नपाउनाले कानूनसँग खेलबाड गर्न थालेका छन् । यसरी दिन प्रतिदिन अराजकता वृद्धि हुँदै गइरहेको छ। यस्ता एउटा हैन, अनेकन समस्याहरू चरित्र ऱ्हाससँगसँगै उत्पन्न हुँदै गएका छन् ।

नेपाली संस्कृति र परम्परामाथि गर्व गर्ने नेपालमा दिन प्रतिदिन सांस्कृतिक प्रदूषण बढ्दै गएको छ। यसको एकमात्र कारण आँखा चिम्लेर पश्चिमी संस्कृति र परम्पराको नक्कल गर्नु त हो नै यसो हुनुको मूल कारण नेपाल सुहाउँदो सही शिक्षाको अभाव हुनु पनि हो। शिक्षामा दिन प्रतिदिन स्वार्थवश बढ्दै गएको राजनीतिक हस्तक्षेपले गर्दा विद्यार्थीहरूको अन्धकारमय भविष्यलाई यदि समयमै सपार्न सकिएन भने आउँदा दिनहरू झन् डरलाग्दो हुनेछ ।

चरित्रको अभावमा कुनै पनि राष्ट्रको सम्यक विकास हुन सक्दैन । कुनै पनि राष्ट्रको चरित्र भन्नाले त्यस राष्ट्रको नागरिकहरूको चरित्रलाई जनाउँछ। चरित्रवान नागरिक यदि विवेकयुक्त हुन्छ भने साहित्य र विज्ञानको क्षेत्रमा केही कार्य गर्न सक्छ। आज कार्यालयमा कोही काम गर्न रुचाउँदैनन् । सबैको ध्यान काम भन्दा बढी तलबमाथि केन्द्रित रहन्छ । परिस्थितिजन्य कारणले गर्दा दिन प्रतिदिन आम मानिसको नैतिकता पनि ऱ्हास आउँदै गएको छ ।

आज सामूहिक अनुशासन, निष्ठा र इमानदारिताको खाँचो छ । आज एक अर्काबीच समझदारी र सम्मानको खाँचो छ। चरित्र निर्माणको आवश्यकता ज्ञानको खोजी गर्न, स्वतन्त्रतालाई राम्ररी बुझ्न, समस्याको हल आफै खोजी गर्न र आफ्नो ध्यान रचनात्मकता र परिश्रममाथि केन्द्रित गर्नका लागि पनि आवश्यक हुन्छ। यो यस कारणले भनिएको हो किनभने चरित्र-शिक्षाले विद्यार्थीहरूमा सकारात्मक चारित्रिक गुण, जस्तै-सामाजिक र भावनात्मक शिक्षाको प्रवाह, जीवन कौशल शिक्षा, हिंसाको रोकथाम, इमानदारिताको विकास गर्दछ। वर्तमान युग व्यवस्थापनको युग हो। यदि हामीले चरित्र शिक्षाको व्यवस्थापन आधुनिक शिक्षामा गर्न सक्यौं भने भविष्यमा गर्व गर्ने कल्पना साकार हुन सक्छ किनभने लोकतन्त्रको प्राप्तिका लागि बलिदान दिने ज्ञात-अज्ञात शहीदहरूको सपना साकार पार्न र समावेशी लोकतन्त्रको रक्षाका लागि पनि उच्च चरित्र आवश्यक पर्दछ। आर्थिक र सामाजिक विकासका लागि पनि इमानदार चरित्र आवश्यक हुन्छ । मानव अधिकारको सम्मान, पीडित, उत्पीडित, उपेक्षित, दलितको उत्थानका लागि पनि सच्चरित्रता आवश्यक हुन्छ।

यस प्रकारको चरित्र निर्माणका लागि सद्शिक्षा चाहिन्छ । यसको अभावमा राम्रो चरित्रको कल्पना गर्नु निरर्थक हुन्छ। आज राम्रो शिक्षा व्यवस्थाको खाँचो छ, विद्यार्थी र शिक्षकबीच राम्रो सम्बन्धको खाँचो छ, आज अभिभावक र विद्यालयबीचको खाल्डो पुर्ने खाँचो छ, । आज हामी सबैलाई नयाँ नेपाल निर्माणको कल्पना साकार पार्न जागरुक नागरिक बन्न आवश्यक छ । हामी सबैलाई चरित्रको महत्त्व थाहा छ । हामी चरित्रवान व्यक्तिको कदर गर्छौं, तर आवश्यकता छ स्वयंले गर्ने गल्ती परित्याग गरी सच्चरित्रता अङ्गीकार गर्नु ।

# कीचकवध उत्खनन: भवनको संरचना भेटिएको पुष्टि

झापा, १८ चैत/रासस

भद्रपुर नगरपालिका-३ पृथ्वीनगरस्थित महाभारतकालीन कीचकवधमा दुई हजार दुई सय वर्ष पुराना पाँचवटा भवनका संरचना भएको पुष्टि भएको छ। उक्त स्थानमा पुरातत्त्व विभागको उत्खननपछि त्यसको पुष्टि भएको हो ।




परातत्त्वविद् उद्धव आचार्यले उत्खननबाट उत्तरपूर्वमा एउटा बहुतले ठूलो भवन, ठूलो भवनकै केही दक्षिणमा अर्को भवन, सोही भवनकै उत्तरपश्चिम छेउमा सेन्ट्री बस्नेसहितको अर्को भवन, सोही भवनको केही पश्चिम दक्षिण अर्को बहुतले भवन फेला परेको जानकारी दिए। उनले चारवटै भवनको दक्षिणमा करीब दुई सय फिटको दूरीमा दुई तले अर्को सुरक्षाकर्मीका प्रमुख र सुरक्षाकर्मी बस्ने भवन गरी पाँच भवनका संरचना फेला परेको बताए ।

पुरातत्त्वविद् आचार्यले यस स्थलको मूल भवनको उत्खनन अर्को वर्ष पूरा हुने बताउँदै भने, "सायद अर्को वर्षसम्ममा उत्खनन पूरा हुन्छ । अझ गहिराइसम्म उत्खनन गर्दा यस स्थानको ऐतिहासिकता बुद्धकालभन्दा अगाडि जाने सङ्केत पाइएको छ।" उनले हाल उत्खनन गरिएको क्षेत्रमा रूखहरू भएकाले तिनलाई हटाउनुपर्ने, कीचकलाई मारेको मूर्ति स्थानान्तरण गर्नुपर्ने, कीचकवधस्थलभित्र सवारीसाधन प्रवेश रोक्नुपर्ने तथा त्यहाँका सम्पदाको संरक्षण गर्नुपर्नेमा जोड दिए ।

पुरातत्त्व विभागले कीचकवधमा २०५८ सालमा पहिलोपटक उत्खन गरेको थियो । यो पुरातत्त्वविद् आचार्यकै नेतृत्वमा भएको थियो । यसपटकको उत्खनन सातौं हो। यसअघि २०३५ सालमा मेची बहुमुखी क्याम्पसका इतिहासका प्राध्यापक घनश्याम खनालको अगुवाइमा उत्खनन भएको थियो। विराट राजाको सेनापति एवं सालो कीचकले सैरन्ध्रीको भेषमा रहेकी द्रौपदीको सतीत्व लुट्ने धृष्टता गर्दा भीमद्वारा मारिएका थिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा जनसाख्यिक तथ्याङ्कलाई ख्याल गर्न आग्रह

जनकपुरधाम, १८ चैत/रासस

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा जनसाङ्ख्यिक तथ्याङ्कले औंल्याएका समस्या, चुनौती र आवश्यकतालाई ख्याल गर्न सरोकारवालाको आग्रह छ ।

अपील मिडिया प्रालि र द एशिया फाउन्डेशनले आइतवार जनकपुरधाममा आयोजना गरेको 'नीति, योजना र विकासमा जनसङ्ख्या तथ्याङ्कको प्रयोगसम्बन्धी अन्तर्क्रिया'मा सरोकारवालाहरूले त्यस्तो आग्रह गरेका हुन् ।

मधेस प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुखलाई लक्षित गरी आयोजित सो कार्यक्रममा मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले शक्ति, पहुँच र पदमा भएका व्यक्तिले योजनालाई प्रभावित पार्ने परिपाटीलाई अन्त्य गर्न पनि तथ्याङ्कमा आधारित बजेट र नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेमा जोड दिए ।

उनले राज्यको ठूलो लगानीमा राष्ट्रिय जनगणना, अन्य आवधिक तथ्याङ्क सङ्कलन गर्दा देखिएका तथ्य, तथ्याङ्क र आवश्यकतालाई अनदेखा गरी आफ्नै क्षेत्रमा बढी बजेट लैजाने अभ्यासले सन्तुलित विकासको सिद्धान्त नै प्रभावित भएको बताए ।

"सामाजिक विविधता, जनताका आवश्यकता, स्रोतको उपलब्धतालाई ख्याल गरेर योजना बनाउन तथ्याङ्क निकै उपयोगी हुन्छ तर जनसाङ्ख्यिक तथ्याङ्क र आवश्यकता एकातिर र बजेट अर्कोतिर हुने अवस्था छ । प्रधानमन्त्री, मन्त्री, त्यसमा पनि अर्थमन्त्री र प्रभाव पार्न सक्ने व्यक्तिको क्षेत्रमा बढी बजेट जानु त्यसका उदाहरण हुन्," सभामुख मण्डलले भने । उनले तथ्य, आवश्यकता र प्राथमिकता निर्धारण गरेर बजेट विनियोजन गर्नुपर्ने धारणा राखे । त्यसका




लागि पदमा भएका व्यक्तिहरूलाई सचेत गराउन सत्तापक्ष, प्रतिपक्षको मानसिकताभन्दा माथि उठेर खबरदारी गर्न पनि जरुरी रहेको उनको भनाइ छ ।

जनसङ्ख्या र तथ्याङ्कलाई आधार मानेर योजना तथा बजेट विनियोजन हुने परिपाटी भएको भए वर्षौंदेखि उपेक्षित मधेसलगायतका क्षेत्र प्राथमिकतामा पर्ने थिए भन्दै सभामुख मण्डलले सो परिपाटीको विकास नहुँदा सङ्घीय व्यवस्थामाथि नै प्रश्न उठिरहेको धारणा राखे ।

त्यस्तै, राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक ढुण्डिराज लामिछानेले जनसङ्ख्यासम्बन्धी तथ्याङ्कको प्रयोगसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै राष्ट्रिय जनगणनाले औंल्याएका समस्या, चुनौती र आवश्यकतालाई आधार मानेर जान सकेमा पनि धेरै समस्या समाधान हुने धारणा राखे । उनले विकासका लागि तथ्याङ्क भन्ने मान्यतालाई विश्वव्यापीरूपमा अङ्गीकार गरी विकास योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्ने अभ्यास शुरू भइसकेको भन्दै नेपाल पनि त्यो बाटोमा अगाडि बढ्न जरुरी रहेको धारणा राखे ।

"मधेसकै कुरा गर्दा लैङ्गिक अनुपात, साक्षरता दर, स्वास्थ्य, शिक्षा र मानव विकासका अन्य सूचकाङ्कहरू नकारात्मक छन् । त्यसलाई सम्बोधन गर्न सोही अनुसारको नीति तथा कार्यक्रम, बजेट र योजनाको आवश्यकता छ । त्यसर्थ यस विषयमा प्रदेशसभा र यहाँको सरकारले विशेष निगरानी गर्नु उपयुक्त हुन्छ," उनले भने ।

केन्द्रीय तथ्याङ्क विभागका पूर्वमहानिर्देशक नवीनलाल श्रेष्ठले नेपालको संविधानले कम्तीमा चारवटा क्षेत्रमा जनसङ्ख्या तथ्याङ्कको प्रयोगलाई अनिवार्य गरेको उल्लेख गरिएको भन्दै त्यसमा सचेत रहन नीति निर्माताहरूलाई आग्रह गरे ।

निर्वाचन क्षेत्र निर्धारण, निर्वाचनमा विभिन्न समुदायको समानुपातिक प्रतिनिधित्व, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हकअधिकार कार्यान्वयन, महिला, दलित समुदायको विशेष अधिकारको व्यवस्था गर्न संविधानले नै जनसङ्ख्यालाई आधार मान्ने व्यवस्था गरिएकाले त्यसमा समेत रहन उनको आग्रह थियो । "केन्द्र सरकारबाट प्रदेश सरकार र स्थानीय तहहरूमा स्रोत बाँडफाँट गर्न जनसङ्ख्या तथ्याङ्कको आवश्यक हुन्छ । त्यस्तै, बालबालिका, वृद्धवृद्धा, अल्पसङ्ख्यक, न्यून आय भएका परिवारको पहिचान तथा समावेशी विकास नीति कार्यान्वयन गर्न पनि जनसङ्ख्या तथ्याङ्कलाई केन्द्र भागमा राख्न जरुरी छ," श्रेष्ठले भने ।

मधेस प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरीले तथ्याङ्कको प्रयोगविना समस्याको समाधान गर्न नसकिने र सन्तुलित विकास प्रक्रिया नै अवरुद्ध हुने भन्दै आफूहरूले यस विषयमा सरोकारवालाको ध्यानाकर्षण गराइरहेको बताए ।

उनले सङ्घीयता कार्यान्वयनमा आएपछि निर्माण गरिएको प्रदेशको पहिलो आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षमा रहेको भन्दै अर्को योजना बनाउँदा अझै वस्तुनिष्ठ बनाउन सबैको सहयोग अपरिहार्य रहेको बताए ।

कार्यक्रममा अपील मिडियाका अध्यक्ष चेतन अधिकारी, द एशिया फाउन्डेशनका डेपुटी निर्देशक प्रणय नापित, मधेस प्रदेशसभा सदस्यहरू रामआशिष यादव, जिवछी यादव, रानी शर्मा तिवारीलगायतले आफ्नो धारणा राखेका थिए ।

# नेप्से परिसूचकमा १७.३० अङ्कको गिरावट

काठमाडौं, १८ चैत/रासस

आइतवार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक १७ दशमलव ३० अङ्कले घटेर दुई हजार १८ दशमलव ३३ को बिन्दुमा कायम भएको छ ।

आज ३१६ कम्पनीका ७९ लाख ५७ हजार ६५९ कित्ता शेयर ६७ हजार ४४ पटक खरीद–बिक्री हुँदा रु तीन अर्ब २० करोड ५३ लाख ३२ हजार ३२४ बराबरको कारोबार भएको छ ।

निर्जीवन बीमा समूहको उपसूचक शून्य दशमलव १२ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक आज घटेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह तीन दशमलव ६५, व्यापार एक दशमलव ७४, लघुवित्त एक दशमलव २० र विकास बैंक एक दशमलव ०९ प्रतिशतले घटेका छन् ।

बैंकिङ शून्य दशमलव ५३, वित्त शून्य दशमलव ६२, होटल तथा पर्यटन शून्य दशमलव ७६, जलविद्युत् शून्य दशमलव ०८, लगानी शून्य दशमलव ७९, जीवन बीमा शून्य दशमलव ९९, म्युचुअल फन्ड शून्य दशमलव ७३ र अन्य समूहको उपसूचक शून्य दशमलव ७१ प्रतिशतले घटेका छन् ।

मायाखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । गरिमा डिभेन्चर २०८५ को मूल्य आठ दशमलव ०८ र उन्नत्ति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ७४ प्रतिशतले बढेका छन् ।

सबैभन्दा धेरै घट्नेमा भने सर्वोत्तम सिमेन्ट लिमिटेडको शेयर मूल्यमा नौ दशमलव ९९ प्रतिशतले गिरावट देखिएको छ ।

कारोबार रकम र शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै सर्वोत्तम सिमेन्ट लिमिटेडको रु २८ करोड ६८ लाख ९३ हजार ३३१ बराबरको दुई लाख ९० हजार १३६ कित्ता शेयर किनबेच भएका छन् ।

# अनुदानको रकम सीमा तय

काठमाडौं, १८ चैत/झरासस

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि वित्तीय समानीकरण, समपूरक र विशेष अनुदानका रूपमा प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गर्ने रकमको सीमा तय गरेको छ । सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आइतवाझरको बैठकमा अर्थसचिव कृष्णहरि पुष्करले सङ्घ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण तथा राजस्व र प्राकृतिक स्रोत उपयोग एवं बाँडफाँटको अवस्थाबारे समितिलाई जानकारी गराउएका हुन् ।

उनका अनुसार वित्तीय समानीकरण अनुदानको कुल रु एक खर्ब ४८ अर्बमध्ये प्रदेशको लागि रु ६० अर्ब र स्थानीय तहको लागि रु ८८ अर्ब बाँडफाँट गर्ने निर्णय मन्त्रिपरिषद्ले गत बिहीवार गरिसकेको छ ।

त्यस्तै, प्रदेश र स्थानीय तहको लागि विशेष अनुदानतर्फ रु १२ अर्ब ९० करोड र समपूरक अनुदानको लागि रु १३ अर्ब २० करोड गरी कुल रु २६ अर्ब १० करोड छुट्टाइने भएको छ । प्रदेशका लागि विशेष अनुदानतर्फ रु चार अर्ब ४० करोड र समपूरक अनुदानतर्फ रु छ अर्ब २० करोड रहने अर्थ मन्त्रालयले जनाएको छ । त्यस्तै, स्थानीय तहका लागि विशेष अनुदानतर्फ रु आठ अर्ब ५० करोड र समपूरक अनुदानतर्फ रु सात अर्ब विनियोजन गरिने भएको छ ।

समपूरक र विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना छनोटको लागि प्रस्ताव आह्वान भई राष्ट्रिय योजना आयोगबाट छनोटको प्रक्रिया अघि बढिरहेको अर्थसचिव पुष्करले समितिमा बताए । सशर्त अनुदान भने सङ्घीय बजेट पेश भएपछि यकीन हुने जनाइएको छ ।

चालू आवको फागुन मसान्तसम्म प्रदेशतर्फ विनियोजन भएका सबै अनुदानको कुल रकम एक खर्ब अर्बमध्ये रु ५४ अर्ब २० करोड अर्थात् ५१ दशमलव ५८ प्रतिशत हस्तान्तरण भइसकेको छ । त्यसैगरी, स्थानीय तहमा विनियोजन भएको कुल अनुदान रकम रु दुई खर्ब ९५ अर्बमध्ये एक खर्ब ७७ अर्ब ३५ करोड अर्थात् ६० दशमलव ११ प्रतिशत हस्तान्तरण भइसकेको छ । चालू आवको फागुन मसान्तसम्म प्रदेशमा रु ३८ अर्ब र स्थानीय तहमा रु ३८ अर्ब गरी कुल रु ७६ अर्ब राजस्व बाँडफाँट भएको अर्थ मन्त्रालयले जनाएको छ ।

प्राकृतिक स्रोतबाट प्राप्त रकमको बाँडफाँटका लागि मन्त्रिपरिषद्ले गत

(बाँकी तेस्रो पातामा)

# अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको स्थापनासँग सम्बन्धित सम्झौतामाथि छलफल

काठमाडौं, १८ चैत/रासस

प्रतिनिधिसभाको आइतवारको बैठकमा ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले 'अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइएसए)को स्थापनासँग सम्बन्धित सम्झौतामाथि सामान्य छलफल गरियोस्' भन्ने प्रस्ताव पेश गरेका छन् ।

उक्त प्रस्ताव पेश गर्दै ऊर्जामन्त्री बस्नेतले सौर्य ऊर्जाको प्रवर्द्धनसहित ऊर्जा पहुँच बढाउन र ऊर्जा सुरक्षालाई सुनिश्चित गर्नका लागि आइएसए गठन भएको तथा संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरू यसका आबद्ध रहेको जानकारी दिए । नेपालले सन् २०२२ मा यो सम्झौतामा हस्ताक्षर गरेको थियो ।

११८ देशले हस्ताक्षर गरिसकेको भन्दै ९७ देशले स्वीकृत नै गरिसकेको ऊर्जामन्त्री बस्नेतले जानकारी दिए । जलवायु परिवर्तनका चुनौतीसँग जुध्नका लागि स्वच्छ ऊर्जा प्रयोगमा जोड दिने तथा ऊर्जा सुरक्षालाई प्रभावकारीरूपमा अगाडि बढाउने प्रतिबद्धताका लागि नेपालले यो सम्झौतापत्रमा हस्ताक्षर गरेको उनको भनाइ छ ।

नेपालमा ऊर्जाको माग र खपत वर्षभरि नै लगभग समान रहने भन्दै जलविद्युत् उत्पादन भने वर्षायाममा बढ्ने र सुक्खायाममा घट्ने भएकाले सौर्य ऊर्जालाई प्राथमिकतामा राख्न आवश्यक रहेको मन्त्री बस्नेतले बताए । जलाशययुक्त आयोजना निर्माण गर्न लामो समय लाग्ने भएकाले विद्युत मागको तात्कालिक समाधानका लागि सौर्य ऊर्जा उत्तम विकल्प रहेको उनले दाबी गरे ।

सांसद माधव सापकोटाले जैविक इन्धन प्रयोग घटाएर कार्बन उत्सर्जन कटौती गर्ने र सौर्य ऊर्जाको प्रयोगबाट स्वच्छ तथा हरित ऊर्जामा पहुँच बढाउने लक्ष्यका साथ आइएसए गठन भएकाले उक्त सम्झौतामा हस्ताक्षर गर्दा नेपाललाई हरित वित्त (ग्रीन फाइनान्स)मा पहुँच विस्तार हुने धारणा राखे । नदी प्रवाहमा आधारित (आरओआर) जलविद्युत् आयोजनाबाट मात्र ऊर्जा माग पूर्ति गर्न नसकिने अहिलेको अवस्थामा सौर्य ऊर्जा राम्रो विकल्प भएको उनको भनाइ छ । जलवायु परिवर्तनका मुद्दामा संसद्मा विशेष छलफल आयोजना गरिनुपर्नेमा उनले जोड दिए ।

सांसद सोविता गौतमले नेपालमा कुल आयातको करीब २३ प्रतिशत पेट्रोलियम पदार्थ रहेकामा त्यसलाई विस्थापन गर्नका लागि ऊर्जाका नवीकरणीय स्रोतमा पहुँच विस्तार गरिनुपर्ने बताए । कम लागतमा स्वच्छ ऊर्जा प्राप्त गर्न सक्ने क्षेत्र सौर्य ऊर्जा रहेकाले नेपालले जलविद्युत्लाई मात्र नभई सौर्य ऊर्जालाई पनि प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ छ ।

सांसद गणेश पराजुलीले सौर्य ऊर्जाका क्षेत्रमा ठूलो वैदेशिक लगानी भित्र्याउन सकिने सम्भावना रहेको बताए । सांसद मेटमणि चौधरीले औद्योगिकीकरणको विकास, बिजुली कटौती व्यवस्थापन र कम हुँदै गएको जलविद्युत् उत्पादन क्षमतालगायत विषयलाई मध्यनजर गरेर सौर्य ऊर्जालाई पनि उत्तिकै प्राथमिकताका साथ अघि बढाउन आवश्यक रहेको धारणा राखे । नेपालजस्तो आर्थिकरूपमा कमजोर मुलुकका लागि सौर्य ऊर्जाको आवश्यकता अझ बढी रहेको उनको भनाइ छ ।



**पुनर्निर्माण हुँदै कमला पुलः** निर्माण सम्पन्न भएर उद्घाटन नहुँदै भासिएको हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिराहालाई जोड्ने कमला पुलको पुनर्निर्माण हुँदै । तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

# कुलेखानी–दक्षिणकाली सडक बन्द

हेटौंडा, १८ चैत/रासस

हेटौंडालाई काठमाडौंसँग जोड्ने कुलेखानी–सिस्नेरी–छैमले–दक्षिणकाली सडकमा आइतवारदेखि अनिश्चितकालका लागि सवारी सञ्चालन बन्द गरिएको छ । सो सडकखण्ड स्तरोन्नतिका क्रममा सवारीसाधनको आवागमन बन्द गरिएको हो ।

हाल उक्त सडकखण्डमा ढलान तथा नाली निर्माणसँगै कालोपत्र तयारी भइरहेकाले सवारी आवागमन बन्द गरिएको इन्द्रसरोवर गाउँपालिका–३ का वडाध्यक्ष प्रताप भोमजनले बताए ।

उनले कालोपत्र सम्पन्न नहुँदासम्म यातायात आवागमन बन्द गरिने बताए । यसअघि यही चैतको पहिलो साताबाट कुलेखानी–सिस्नेरी–छैमले–दक्षिणकाली सडकको सिस्नेरी सडकखण्डमा निर्माण सम्पन्न नभएसम्मका लागि सो सडकखण्डमा यातायात सेवा बन्द गरिएको थियो ।

निर्माण सम्पन्न नहुँदै हेटौंडा–काठमाडौं आवतजावत गर्ने टाटा सुमोलगायतका साधन आवागमन गर्न थालेपछि तोकिएको समयसीमाभित्र सम्पन्न गर्नुपर्ने आयोजना निर्माण कार्यमा अवरोध सिर्जना भएकाले सडक कालोपत्र नभएसम्मका लागि यातायात आवागमन बन्द गरिएको वडा कार्यालयद्वारा जारी सूचनामा उल्लेख छ ।

# भिठ्ठामोडमा सुक्खा बन्दरगाह बन्ने आशामा स्थानीय उत्साहित

महोत्तरी, १८ चैत/रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँगको भेटपछि महोत्तरीका जनप्रतिनिधि र उद्यमी उत्साहित भएका छन् । जिल्ला सदरमुकाम जलेश्वरको भारतीय सीमावर्ती नाका भिठ्ठामोडमा सुक्खा बन्दरगाह निर्माणको माग लिएर जिल्लाका जनप्रतिनिधि र व्यवसायीले शनिवार प्रधानमन्त्री प्रचण्डलाई भेटेर ज्ञापनपत्र बुझाएका थिए ।

"हामीले भिठ्ठामोड भन्सारमा सुक्खा बन्दरगाहको सम्भाव्यता र आवश्यकताबारे प्रधानमन्त्रीको ध्यानाकर्षण गरायौं," मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले भने, "उनले विज्ञ टोलीबाट सम्भाव्यता अध्ययन गरेर काम अघि बढ्ने आश्वासन दिनुभएको छ ।" जिल्लाका विभिन्न नगरपालिका जनप्रतिनिधि तथा जलेश्वर, मटिहानी, गौशाला र बर्दिबासका उद्योग वाणिज्य सङ्घका प्रतिनिधिले प्रधानमन्त्रीलाई काठमाडौंमै भेटेर ज्ञापनपत्र बुझाएका थिए ।

विसं २०२६ मा भिठ्ठामोडमा स्थापित भन्सार कार्यालयको स्तरोन्नति गर्दै तेस्रो मुलुकसँग आयात निर्यात व्यवस्थित गर्न




सुक्खा बन्दरगाह निर्माण गर्नुपर्ने जनप्रतिनिधि र व्यवसायीको माग थियो । जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनारले सुक्खा बन्दरगाह निर्माण गर्न विज्ञसँग छलफल गरी काम अघि बढाउने प्रधानमन्त्रीबाट प्रतिबद्धता पाएको बताए ।

प्रधानमन्त्रीसँगको भेटमा महोत्तरी–१ र ४ का प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो कोइरी र महेन्द्रकुमार राय एवं जलेश्वर, मटिहानी, गौशाला र लोहारपट्टी नगरपालिकाका प्रमुख क्रमशः सुरेश साह सोनार, हरिप्रसाद मण्डल, डा दीपेन्द्र महतो र शैलेन्द्र यादव सहभागी थिए । त्यसैगरी, बर्दिवास, गौशाला, जलेश्वर र मटिहानी उद्योग वाणिज्य

(बाँकी पाँचौं पातामा)

# मिर्गौलाको सुरक्षातर्फ बढ्दो जनचासो

मानव शरीरका विभिन्न अङ्गहरूमा विविध किसिमका रोगहरू देखा पर्ने गर्छन्। तापनि कतिपय अङ्गमा भएका रोगको सामान्य उपचार गर्दा राम्रो हुन्छ भने केही अङ्ग काटेर फ्याँक्दा र नक्कली राख्दा पनि मानिस स्वस्थ रही दैनिक कार्य गर्न सक्छ, जटिल नबन्न सक्छ तर मिर्गौला रोग भने बेग्लै किसिमको हुने गर्छ । यसमा मिर्गौला बेकम्मा हुँदा कतिका लागि सम्पत्ति विनाशको ठूलो बाटो बन्ने गरेको छ भने सर्वसाधारणका लागि मृत्युको कारण बन्दै आएको छ ।

विचार



डा प्रकाश बुढाथोकी

**सामान्यतया मिर्गौला खराब हुँदा खानामा रुचि घट्दै जाने, चाँडै थकाइ लाग्ने, राति बढी (दुईपटकभन्दा बढी) पिसाब हुने, पिसाब गर्दा पोल्ने, रातो, गाढा वा फिजयुक्त हुने, पिसाबको मात्रा घट्दै जाने, वाकवाक लाग्ने, जीउ चिलाउने, बिहान उठ्दा मुख फुल्ने र सुन्निँदै जाने, गोरो मानिस कालो हुँदै जाने लक्षणहरू देखा पर्छन् ।**

विश्व स्वास्थ्य सङ्गठनको आँकडा अनुसार विश्वमा हरेक १० जनामा एकजना व्यक्तिमा मिर्गौलासम्बन्धी कुनै न कुनै समस्या देखा पर्ने गरेको छ । नेपालमा भने हाल करीब १० हजारभन्दा बढी मिर्गौला रोगी रहेकामा १० प्रतिशतले मात्र उपचार पाउन सकेका छन् र पीडित हुनेको सङ्ख्या वार्षिक २५ सयदेखि तीन हजारका दरले बढ्दैछ ।

सामान्य अवस्थामा हाम्रो शरीरमा दुईवटा मिर्गौला ढाडको बीचमा मेरुदण्डको दुवैतिर मुठीजत्रो सिमीको गेडाको आकारमा रहेको १५० ग्रामको नभई नहुने उत्सृजक अङ्ग हो । हरेक मानिसमा दुईवटा मिर्गौला रहन्छन् । स्वस्थ अवस्थामा दुवै मिर्गौला क्रियाशील हुन्छन् तर दुईमध्ये एउटाले मात्र काम गर्दा पनि मानिस स्वस्थ रहन सक्छ । एउटा मिर्गौलामा करीब १३ लाख नेफ्रोन हुन्छन् । त्यसले पिसाब बनाउने क्षमता राख्छ । ४० वर्ष नाघेपछि नेफ्रोनको सङ्ख्यामा वार्षिक एक प्रतिशतका दरले ऱ्हास हुन्छ तर अन्य नेफ्रोनले कार्य वृद्धि गरी जीउबाट निकाल्नुपर्ने पानी, लवण र फोहोर त्यही मात्रामा र त्यही दरमा निकालिरहन्छन् । रोग वा उमेर तथा अन्य कारणले भएको नेफ्रोनको सङ्ख्याको कमी भने परिपूर्ति वा पुनः नयाँ नेफ्रोन बन्ने काम भने हुँदैन ।

मानिसको उमेर बढ्दै जाँदा मिर्गौलाको कार्यक्षमता पनि घट्दै गई स्वस्थ मानिस ९० वर्ष पुग्दा मिर्गौलाले क्षमताको ५० प्रतिशत जति मात्र काम गरे पनि स्वस्थ नै मानिन्छ । मुटुबाट निष्कासन भएको करीब २२ प्रतिशत रगत दुईवटा मिर्गौला हुँदै सञ्चार हुने गर्छ अर्थात् प्रत्येक २४ घण्टामा १८० लिटरभन्दा बढी रगत मिर्गौलाको कार्य एकाइ नेफ्रोनको पहिलो भाग ग्लोमेरुलस हुँदै बग्छ । यसमा १७८.५ लिटर भाग वा प्रोटिनबाहेक पानी र अन्य तत्त्वहरू नेफ्रोनको सूक्ष्म नली हुँदै वरिपरि फैलिएका कम चाप भएका रक्तनलीद्वारा सोसिएर फेरि शरीरमैं जाने गर्छ। यसै क्रममा युरिया, क्रेटिनिन, युरिक एसिड र अन्य विषालु तत्त्व अति कम मात्रामा सोसिने भएकाले ठूलो मात्रामा पिसाब भएर शरीरबाहिर निस्कन्छन् ।

हामीले खाएको खानेकुराबाट शरीरले चाहिएको कुरा अवशोषित गरी बाँकी रहेका अनावश्यक पदार्थहरू रगतमा रहन्छन्। शरीरमा उत्पादित विकारयुक्त पदार्थ भएको उक्त रगतलाई छानेर रगत सफा गर्ने र तिनलाई पिसाबको रूपमा मूत्रथैलीमा पठाइ पिसाबमार्फत बाहिर फ्याँक्ने प्रमुख काम मिर्गौलाको हो । शरीरमा अनावश्यक नून, पानी, पोटाशियम, क्याल्शियम र अन्य तत्त्वलाई थुप्रिन नदिई सन्तुलनमा राख्छ।

अम्ल र क्षारको मात्रा नियन्त्रण गर्छ । प्रोटिनबाट बन्ने सल्फ्युरिक र फोस्फोरिक एसिड निष्कासन गर्ने अङ्ग एकमात्र मिर्गौला हो । रगतको रातो रक्तकोष बनाउने हर्मोन एरिथ्रोपोइटिन ९० प्रतिशत मिर्गौला र १० प्रतिशत कलेजोले बनाउँछ। मिर्गौलाले भिटामिन 'डी'को सक्रिय रूप क्याल्सिट्रोल बनाउँछ र क्याल्सियम तथा फोस्फेटलाई नियन्त्रण गर्छ । आन्द्रामा क्याल्शियम संयोजन प्रोटिन बनाइ क्याल्शियमको खपत बढाउँछ। लामो उपवासमा बसेको बेला एमिनो एसिडबाट चिनी बनाउने, रक्तचाप सन्तुलित राख्ने पनि गर्छ ।

**मिर्गौला किन बिग्रन्छ ?**

मिर्गौलाको कार्यक्षमता ५० प्रतिशतभन्दा बढी घट्न थालेपछि मात्र स्वास्थ्य समस्या पैदा हुन थाल्छ । मिर्गौलासम्बन्धी रोगहरू नेफ्राइटिसको उपचार नगरेको वा उपचार सफल नभएको, उच्च रक्तचाप, मधुमेह, पिसाबको सङ्क्रमण, मिर्गौला, पिसाबको नली र थैलीमा हुने पत्थरी जस्ता रोगहरूबाट लामो समयदेखि पीडित भएको तथा जथाभावी मकै, भटमास खाएजस्तै एन्टिबायोटिक र पेनकिलर औषधि सेवन गरेको व्यक्तिको मिर्गौला उमेर नपुग्दै बिग्रने सम्भावना रहन्छ ।

त्यसैगरी, जन्मदै मिर्गौलामा पानीका फोका भएको तथा उक्त फोकाहरूको सङ्ख्या र आकार बढ्दै गए खराबी शुरू भएको वयस्क अवस्थामा नै थाहा हुन सक्छ । अन्य कारणमा वंशानुगत, मोटोपन, धुम्रपान, ५० वर्ष नाघेका व्यक्ति तथा सङ्क्रमणहरू पर्छन् ।

**लक्षण कस्तो हुन्छ ?**


कुनै लक्षणविना एक्कासि केही दिन वा साताको अन्तरालमा पनि मिर्गौलाले काम गर्न छोड्ने हुन सक्छ । यस विकासको खराबीलाई एक्युट रेनलफेलर भनिन्छ । झाडापखाला, हैजाजस्ता बिरामीको बेला अत्यधिक मात्रामा शरीर सुक्खा भएमा, धेरै रगत खेर गएमा, मिर्गौलाको सङ्क्रमण, क्यान्सर, रगतको खराबी तथा मिर्गौलाको पत्थरी जस्ता समस्याले मिर्गौलाले काम नगर्ने हुन सक्छ। यस्ता समस्याको समयमा नै निदान हुन सक्यो भने मिर्गौला बचाउन सकिन्छ। एक्युट रेनलफेलर भएकामध्ये ५० देखि ७० प्रतिशत बिरामीको मृत्यु हुन सक्छ ।

लामो समयसम्म रहेको रक्तअल्पता, उच्च रक्तचाप, हार्मोनहरूको असन्तुलन, बारम्बार पिसाबको सङ्क्रमण भइरहनु वा त्यसको उपचार राम्ररी नगर्नु, ससाना पत्थरी रहनु तथा पेटका खराबीले मिर्गौलालाई नराम्रो असर गर्छ । मिर्गौलालाई रगत पुऱ्याउने धमनीमा सङ्कुचन हुनु, रगतमा खराबी हुनु, मिर्गौलाको क्षयरोग, पिसाब थैलीको खराबी आदि जुनसुकै समस्याले धेरै लामो समयसम्म ग्रसित बिरामीको मिर्गौला काम नलाग्ने भएमा चाहिं राम्रो बनाउन सकिँदैन ।

सामान्यतया मिर्गौला खराब हुँदा खानामा रुचि घट्दै जाने, चाँडै थकाइ लाग्ने, राति बढी (दुईपटकभन्दा बढी) पिसाब हुने, पिसाब गर्दा पोल्ने, रातो, गाढा वा फिजयुक्त हुने, पिसाबको मात्रा घट्दै जाने, वाकवाक लाग्ने, जीउ चिलाउने, बिहान उठ्दा मुख फुल्ने र सुन्निँदै जाने, गोरो मानिस कालो हुँदै जाने लक्षणहरू देखा पर्छन् । यस्ता लक्षणहरू अन्य थुप्रै रोगमा पनि देखिने भएकाले यकीन गर्न रगत परीक्षण गरी युरिया र क्रिटिनिन बढे नबढेको हेर्नुपर्छ।

शरीरमा रोग बढाउने रोगका उपनामले चिनिने मिर्गौला रोगहरूबाट मिर्गौलाको क्षति अन्तिम अवस्थामा पुग्दा उपचार नभए मुटुमा र हड्डीमा भिटामिन डी र क्याल्शियमको कमीले हड्डी दुख्ने, सुन्निने र नरम हुन्छ, करङ, कम्मर र अन्य स्थानका हड्डीहरू भाँच्चिने सम्भावना रहन्छ । तर हाम्रो विडम्बना मिर्गौला असफल भएको मिर्गौलाको कार्यक्षमता ७० प्रतिशतभन्दा बढी नष्ट हुँदा पनि थाहा पाउन र अनुभव गर्न सकिँदैन र रोगको लक्षण नदेखिँदै उपचार खोज्ने कुरा पनि भएन जसका लागि नियमित जाँच नै आवश्यक छ । मिर्गौलाको कार्यक्षमता ५० प्रतिशतबाट घटेर १० प्रतिशतसम्म झरेको अवस्थालाई क्रमशः प्रारम्भिक, मध्यम र अन्तिम चरणको खराबीको रूपमा लिइन्छ ।

सामान्य व्यक्तिभन्दा मिर्गौला रोगीमा मधुमेह, उच्च रक्तचाप र मुटु तथा रक्तनलीसम्बन्धी समस्या गाँसिएमा मृत्यु हुने सम्भावना १० गुणा बढी हुने भएकोले मिर्गौला बेकम्मा हुनुभन्दा पहिले नै हृदयाघातबाट व्यक्तिको मृत्यु हुने सम्भावना रहन्छ । मिर्गौला रोगका कारण मुटुसम्बन्धी रोगको चपेटामा पर्ने व्यक्ति करीब एक करोड २० लाख छन् विश्वमा । १०–२५ प्रतिशत मधुमेहीमा मिर्गौला रोग देखिने गरेको छ भने मिर्गौला बेकम्मा हुनेहरूमा ४४ प्रतिशत मधुमेह र २८ प्रतिशत उच्च रक्तचापको कारणले देखिएको छ ।




शरीरमा रगत सफा गर्ने फिल्टरको मुख्य काम गरिरहेको मिर्गौला अस्वस्थ भएमा रगतमा विषालु पदार्थहरू जम्मा भई रगतबाट शरीरभरि विचरण गरी सबै अङ्गमा नकारात्मक असरहरू उत्पन्न गर्छ। मिर्गौला रोगी भएको १–२ वर्षदेखि १०औं वर्षसम्म पनि लक्षण नदेखिई चलिरहन सक्छ र जब मिर्गौलाले २०–३० प्रतिशतसम्म मात्र काम गरिरहेको हुन्छ, तब लक्षणहरू देखिन्छन् तर यसबेला थप बिग्रन नदिन उपचार मात्र गर्न सकिन्छ, रोग निको भने पार्न सकिंदैन। दुवै मिर्गौलाले काम गर्न छोडी मिर्गौला बेकम्मा भई पीडितहरू केवल दुईवटा विकल्पमा बाँच्न बाध्य हुन्छन् या त कृत्रिम तरीकाले रगत सफा गर्ने पद्धति डायलाइसिस वा नजीकको रगतको नातेदारको मेल खाने स्वस्थ मिर्गौला प्रत्यारोपण ।

**उपचार के हुन सक्छ ?**

नियमित स्वास्थ्य परीक्षण, औषधि सेवन र खानपिनमा ध्यान दिंदा पनि समस्या नियन्त्रणमा आउने गर्छ। प्रोटिन बढी हुने माछा, मासु, गेडागुडी जस्ता खानेकुरा, पानी र झोल पदार्थ चिकित्सकले तोकिदिए अनुसार खानुपर्छ। यदि मिर्गौलाको कार्यक्षमता १० प्रतिशतभन्दा पनि कम हुन थाल्छ भने नियमितरूपमा रगत सफा गर्ने हेमोडायलाइसिस, हेमोफिल्ट्रेशन र पेरिटोनियल डाइलाइसिस वा स्वस्थ मिर्गौला राख्ने 'प्रत्यारोपण' जस्ता सघन र ठूला उपचारको आवश्यकता पर्छ तर कुन विधि रोज्ने भन्ने निर्णय मिर्गौला अन्तिम अवस्थामा पुग्नेभन्दा पहिले नै गर्नुपर्छ । जसबेला ग्लोमेरुलस भएर छानिने रगतको वेगदर १२५ मिलिलिटर प्रतिमिनटबाट घटी पाँच मिलिलिटर प्रतिमिनेट मात्र हुन्छ ।

सन् २००८ मा मिर्गौला प्रत्यारोपण शुरू भयो र हालसम्म तीन हजारले गरेका छन् भने सन् २०१० मा ज्येष्ठ नागरिक, हेपाटाइटिस 'बी'का रोगी र विपन्न नागरिकलाई डायलासिस निश्शुल्कको सुविधा प्रदान गरिएको थियो। हाल सबैका लागि हेमोडायलासिस निश्शुल्क मात्र होइन, मिर्गौला प्रत्यारोपणसमेत निश्शुल्क छ ।

**प्रत्यारोपण नै किन ?**

मिर्गौला प्रत्यारोपण गर्नु भनेको आफन्तको स्वस्थ मिर्गौला झिकेर बिरामीको शरीरमा राख्नु हो । प्रत्येक व्यक्तिमा हुने दुईवटा मिर्गौलामध्ये एउटैले मात्र काम गर्दा पनि मानिस स्वस्थ र जीवित रहन सक्ने भएकाले दुवै मिर्गौला बेकम्मा भएका बिरामीलाई एउटा मिर्गौला दान गरी आफू पनि नमर्ने र बिरामीलाई जीवनदान दिन सकिन्छ । प्रत्यारोपित मिर्गौलाले लामो समयसम्म काम गरिरहोस् भन्ने उद्देश्यले शुरूमा बढी मात्रामा र पछि क्रमशः घटाउँदै गएर न्यूनतम मात्रामा औषधि लिइरहनुपर्छ । प्रत्यारोपित मिर्गौलाले पाँच दिनमा शरीरमा जम्मा भएको विकार सफा गरी सक्छ ।

प्रत्यारोपण सुविधाका लागि पनि राज्यले २०५५ सालमा मानव अङ्ग प्रत्यारोपण ऐन तथा नियमावली ल्याएको छ । मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन २०५५ र मिर्गौला प्रत्यारोपण नियमावली २०५८ ले प्रत्यारोपणको कानूनी बाटो खुला गरेको छ । कानून अनुसार प्रत्यारोपणसम्बन्धी प्रक्रिया मिलाउने र अनुमति इजाजत दिने जिम्मेदारी पाएको अङ्ग प्रत्यारोपण समन्वय समिति छ ।

प्रत्यारोपण गरिएको व्यक्तिको स्वास्थ्य र जीवनयापनको गुणस्तर डायलासिसको भरमा बाँच्नेको भन्दा राम्रो हुन्छ साथै डायलासिस उपचार बाँचुन्जेल गराइरहनुपर्ने, धेरै खर्च लाग्ने र सबै स्थानमा सेवा उपलब्ध नहुनाले प्रत्यारोपणलाई नै सजिलो र भरपर्दो मानिन्छ । हप्तामा २–३ पटकसम्म डायलासिस भएको ठाउँमा जानुपर्ने, जीवनको गुणस्तर न्यून हुने, बाँच्ने सरदर आयु पनि थोरै हुने, कृत्रिमरूपले रगत छान्ने काम डायलासिसद्वारा गरिए पनि एरिथ्रोपोइटिनको लागि जिन्दगीभर अलग्गै सुई लिनुपर्ने, वर्ष दिन डायलासिस गर्न लाग्ने खर्च करीब तीन लाखले मिर्गौला प्रत्यारोपण हुने (बाहिर जाँदा रु १०–१५ लाख) र त्यसको एक तिहाइ खर्चले वर्ष दिनको औषधोपचार धान्न सकिन्छ र औषधोपचार खर्च पछिका वर्षमा अझ घट्दै जान्छ । यी विभिन्न कारणहरूले संसारभरि नै मिर्गौला प्रत्यारोपण तुलनात्मक सबैभन्दा बढी गुणस्तरीय जीवन प्रदान गर्ने, सस्तो लोकप्रिय र उत्तम उपचारको विधि भएको छ। जीवित व्यक्तिबाट लिइएको मिर्गौलाले धेरै राम्रो काम गर्ने, शल्यक्रिया गर्न सजिलो हुने र मिर्गौला सुरक्षित रहन्छ ।

प्रत्यारोपण गर्न आवश्यक मिर्गौलाको कमी अहिले विश्वले भोगिरहेको छ । मिर्गौलाको आंशिक समस्या पूर्ति गर्न मृत व्यक्तिको मिर्गौला प्रत्यारोपण सबैजसो देशले अपनाएका छन् किनभने सबै बिरामीले जैविक नातेदारको मिर्गौला प्राप्त गर्न सक्दैनन् । नयाँ उपलब्धि अनुसार म्याच नखाएको मिर्गौलाको पनि विशेष उपचार (एन्टीबडी हटाउने, हल्का रेडिएशन दिने, नयाँ मोनोक्लोनल एन्टीबडी थप्ने) गरी अस्वीकार गर्ने दर पाँच प्रतिशतभन्दा कम बनाइन्छ ।

नेपालमा एकातिर गरीबी, अशिक्षा र भौतिक पूर्वाधार तथा जनशक्तिको अभाव छ त अर्कोतिर भौगोलिक विकटता, द्वन्द्वले गर्दा नागरिकहरूको स्वस्थ जीवनको लागि आवश्यक सेवा र सुविधा चुनौतीपूर्ण तथा असम्भव हुँदै आएको छ । यस्ता आवश्यकता पूर्ति गर्नका लागि सरकारी प्रयास मात्र पर्याप्त नहुने भएकाले आआफ्नो जीवनको लागि नागरिक आफैं चेतनशील भई समस्या समाधानमा नलागेसम्म ससाना स्वास्थ्य समस्याले पनि जटिलता उत्पन्न गर्न सक्छन्। त्यस कारण रोगबारे जानकारी राखौं आफ्नो स्वास्थ्य परीक्षण गराऔं, अरूलाई पनि परीक्षण गर्न प्रोत्साहित गरौं, स्वस्थकर जीवनशैली अपनाउन तत्काल पाइला चालौं र भविष्य राम्रो, स्वस्थ र सुरक्षित बनाऔं । (लेखक स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा बुढाथोकी नेपाल चिकित्सक सङ्घका केन्द्रीय उपाध्यक्ष हुन्। रासस)

## फरक समाचार

### भिटामिन 'ए'को कमीले बाँझपनको सम्भावना

भिटामिन 'ए' सामान्यतया आँखाको स्वास्थ्यसँग जोडिएको हुन्छ तर यसको कमीले व्यक्तिको प्रजनन क्षमतालाई पनि असर गर्छ । क्लिभल्यान्ड क्लिनिक




अनुसार भिटामिन 'ए'ले हाम्रो प्रजनन प्रणालीमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। यस्तो अवस्थामा भिटामिन 'ए'को कमीले गर्भधारणमा कठिनाइ र बाँझपन हुन सक्छ ।

भिटामिन 'ए'को कमी कसरी हुन्छ ? भिटामिन 'ए' शरीरमा बन्दैन, यसको मात्रा खानाबाट मात्र प्राप्त गर्न सकिन्छ । यस्तो अवस्थामा शरीरले खानालाई राम्ररी अवशोषित गर्न नसक्दा भिटामिन 'ए'को कमी हुन्छ। यदि तपाईंमा पनि भिटामिन 'ए'को कमीको लक्षण देखिएको छ भने यी पाँच वस्तुको नियमित सेवन गनुपर्छ ।

**लक्षण:** कम प्रकाशमा हेर्न अक्षमता, सुक्खा आँखा, सङ्क्रमणको जोखिम, छाला सुक्खा हुनु, चिलाउनु, केराटिनाइजेशन, बच्चाको सुस्त विकास ।

**भिटामिन 'ए'युक्त खानेकुरा:**

**सखरकन्द:** सखरकन्दमा भिटामिन 'ए' राम्रो मात्रामा पाइन्छ । यसलाई पकाएर खाँदा १४०३ एमसिजी भिटामिन 'ए' प्राप्त हुन्छ ।

**गाजर:** गाजरमा बिटा क्यारोटिन प्रचुर मात्रामा पाइन्छ। आधा कप काँचो गाजरमा ४५९ एमसिजी भिटामिन 'ए' हुन्छ। यसबाहेक गाजरमा फाइबर पनि प्रशस्त हुन्छ, जसले कब्जियत रोक्न र राम्रो आन्द्राको स्वास्थ्यलाई बढावा दिन मदत गर्छ ।

**पालक:** पालकमा धेरै पोषक तत्त्व हुन्छ । आधा कप उमालेको पालकमा ५७३ एमसिजी भिटामिन 'ए' हुन्छ। यतिमात्र होइन, रक्तचाप कम गर्न र मुटुको स्वास्थ्यलाई बढाउन पालक प्रभावकारी हुन्छ ।


**ब्रोकाउली:** ब्रोकाउली भिटामिन 'ए'ले भरिपूर्ण हुन्छ। आधा कप ब्रोकाउलीमा ६० एमसिजी भिटामिन 'ए' हुन्छ। यसका साथै भिटामिन 'सी' र 'के'को राम्रो स्रोत मानिन्छ ।

**काँचो आँप:** एउटा काँचो आँपमा ११२ एमसिजी भिटामिन 'ए' हुन्छ । यसबाहेक आँपमा एन्टिअक्सिडेन्ट र डाइटरी फाइबर प्रचुर मात्रामा पाइन्छ, जसले आन्द्रालाई राम्रोसँग काम गर्न र रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मदत गर्छ ।

### राति अबेरसम्म जागा बस्दा मिर्गौलामा खतरा

आजको व्यस्त जीवनमा धेरैलाई निद्राको कमी हुन्छ। राति अबेरसम्म काम गर्ने, मोबाइल फोन प्रयोग गर्ने वा पार्टी गर्ने यी सबैले निद्रामा कमी आउन सक्छ। तर के तपाईंलाई थाहा छ कि राति अबेरसम्म जागा बस्दा पनि मिर्गौला बिग्रन्छ ?

अध्ययनले देखाएको छ निद्राको कमीले मिर्गौलाको कार्यलाई असर गर्छ ।




जब हामी सुत्छौं, मिर्गौलाले आफैंलाई मर्मत गर्छ र शरीरबाट फोहोर निकाल्छ। तर कम सुत्दा मिर्गौलाले यो काम गर्न पर्याप्त समय पाउँदैन । अधूरो निद्राले मिर्गौलालाई हानि पुऱ्याउँछ ।

**रक्तचापमा वृद्धि:** जब तपाईं पर्याप्त निद्रा पाउनुहुन्न, तपाईंको शरीरमा कोर्टिसोल नामक तनाव हार्मोनको स्तर बढ्छ । यसले रक्तचाप बढ्न सक्छ, जसले मिर्गौलालाई क्षति पुऱ्याउँछ ।

**सुजनमा वृद्धि:** निद्राको कमीले शरीरमा सुजन बढाउन सक्छ, जुन मिर्गौलालाई क्षति पुऱ्याउने कारकहरूमध्ये एक हो ।

**रक्त शर्करामा वृद्धि:** निद्राको कमीले रगतमा चिनीको मात्रा नियन्त्रण गर्ने शरीरको क्षमतालाई कम गर्न सक्छ, जसले मधुमेहको जोखिम बढाउँछ। मिर्गौला रोगको प्रमुख कारण मधुमेह हो ।

**रक्तप्रवाह घट्ने :** निद्राको कमीले मिर्गौलामा रगतको प्रवाह कम गर्न सक्छ, जसले मिर्गौलाको काम बिग्रन सक्छ ।

**राम्रो निद्राको लागि सुझाव:** नियमित सुत्ने समयतालिका सेट गर्नुहोस् र त्यसमा अडिग रहनुहोस्, सुत्नु अघि क्याफिन र अल्कोहल सेवन नगर्नुहोस्, सुत्नु अघि आरामदायी वातावरण सिर्जना गर्नुहोस्, सुत्नुअघि इलेक्ट्रोनिक उपकरणहरू प्रयोग नगर्नुहोस्, नियमित व्यायाम गर्नुहोस् ।

यदि तपाईंलाई निद्राको समस्या छ भने चिकित्सकसँग परामर्श गर्नुहोस् । मिर्गौला स्वस्थ राख्नको लागि राम्रो निद्रा, स्वस्थ आहार खाने, नियमित व्यायाम र धूमपानबाट बच्न आवश्यक छ ।– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## गाजामा युद्धविराम गर्न कायरोमा वार्ताको तयारी

कायरो, १८ चैत/एएफपी

इजरायल र हमासबीच विश्वासको वातावरण निर्माण गर्ने उद्देश्यले इजिप्टको कायरोमा आइतवार वार्ता शुरू हुँदैछ।


तस्वीरः एजेन्सी

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले वार्ताप्रति सकारात्मक सङ्केत दिएसँगै वार्ताको वातावरण बनेको इजिप्टको एक सञ्चारमाध्यम अल–काहेराले जनाएको छ।

उक्त अखबारले इजिप्टको सुरक्षा स्रोतलाई उद्धृत गर्दै इजिप्टको राजधानी कायरोमा सोमवार वार्ता हुन लागेको बताएको छ।

इजिप्ट, कतार र इजरायलको मुख्य सहयोगी संयुक्त राज्य अमेरिकाले यस अघिका बैठकको पनि मध्यस्थता गरेको थियो तर ती वार्तामा खासै प्रगति हुन सकेको थिएन। यस अघिका वार्तामा रमादान अघि नै युद्धविराम गर्ने प्रयास भएको थियो तर दुवै पक्षबीच गतिरोध अन्त्य हुन सकेन। अहिले मुस्लिम समुदायको पवित्र रमादानको आधा महीना बितिसकेको छ।

गत शुक्रवार नेतान्याहुले दोहा र कायरोमा नयाँ चरणको युद्धविराम वार्ता गर्नेगरी स्वीकृति प्रदान गरेका थिए।

प्रधानमन्त्रीको कार्यालयले प्रधानमन्त्री नेतान्याहुले इजरायली गुप्तचर निकाय (मोसाद)का प्रमुख डेभिड बार्नीलाई वार्ताबारे बताइसकेको जनाएको छ। तर बार्नी स्वयम् यी वार्तामा सहभागी हुने नहुनेबारे केही बताइएको छैन।

गाजामा बन्धक बनाइएका परिवारका सदस्यले इजरायलको ठूलो शहरको मुख्य राजमार्गमा विरोध प्रदर्शन गरेपछि सरकारले पुनः वार्ताको पहल थालेको अनुमान गरिएको छ। प्रदर्शनकारीले बन्धक छुटाउन र गाजामा इजरायलले गरिरहेको युद्धप्रति विरोध जनाएका थिए।

हमास विद्रोहीले अक्टोबर ७ का दिन इजरायली भूमिमा प्रवेश गरी २५० जनालाई बन्धक बनाएका थिए, जसका कारण इजरायल र हमासबीच भीषण युद्ध जारी छ। इजरायलको अनुमानमा १३० जना अझै पनि हमासको नियन्त्रणमा छन् र ३३ जना मारिएका छन्।

युद्धविरामको एक प्रमुख शर्त भनेको गाजामा बन्धक बनाइएका इजरायलीलाई मुक्त गर्ने र इजरायलको जेलमा रहेका प्यालेस्टिनीलाई छाड्ने रहेको छ।

फ्रान्सका विदेशमन्त्री स्टेफानी सेजोर्न पनि इजरायल–हमासबीच युद्धविराम गराउन कायरो भ्रमणमा रहेका छन्। उनले जोर्डनका कूटनीतिज्ञसँग पनि यसबारे परामर्श गर्नेछन्। गत सोमवार राष्ट्रसङ्घ सुरक्षा परिषद्ले पनि गाजामा तत्काल युद्धविराम गर्नेसम्बन्धी एक प्रस्ताव पारित गरिसकेको छ।

गाजा युद्धका कारण इजरायलले गरेको सैनिक कारबाईमा कम्तीमा ३२,७०५ प्यालेस्टिनीको मृत्यु भइसकेको छ। मारिएकामध्ये अधिकांश महिला र बालबालिका रहेका छन्। रासस

## चीनको औद्योगिक उत्पादनमा वृद्धि

बेइजिङ, १८ चैत/एएफपी

चीनको औद्योगिक उत्पादन पाँच महीनायता पहिलोपटक वृद्धि भएको आइतवार सार्वजनिक सरकारी तथ्याङ्कले देखाएको छ।

विश्वकै दोस्रो ठूलो अर्थतन्त्र रहेको चीनको औद्योगिक उत्पादन वृद्धि गर्ने चिनियाँ प्रयासले सकारात्मक सङ्केत गरेको नीति निर्माताहरूले बताएका छन्।

चिनियाँ कलकारखानाको उत्पादनको समीक्षा गर्ने पिएमआई सूचाङ्क मार्च महीनामा ५०.८ देखिएको छ। चिनियाँ तथ्याङ्क ब्युरो (एनबिएस) का अनुसार यो सूचाङ्क गत फेब्रुअरीमा ४९.१ बिन्दुमा रहेको थियो।

पिएआई सूचाङ्क ५० भन्दा बढी हुनु भनेको औद्योगिक उत्पादनमा वृद्धि भएको सङ्केत हो। यस अघि चीनको पिएमआई गत सेप्टेम्बरमा मात्र देखिएको थियो।

ब्लुमबर्गले गरेको सर्वेक्षणले पनि मार्च महीनामा चीनको औद्योगिक उत्पाद वृद्धि हुने देखाएको थियो।

कोभिड महामारीका वर्षहरूमा कडा नियम लागू गरेको चीनमा पछिल्ला वर्षमा घरजग्गा कारोबारमा निरन्तर सङ्कट, उच्च युवा बेरोजगारी र मुद्राप्रदायमा दबाबका समस्या देखिएका थिए।

अर्कोतिर विश्वभर नै कमजोर मागका कारण चिनियाँ सामानको माग पनि घटेको थियो।

बेइजिङले मार्च महीनाको शुरूमा सन् २०२४ मा वार्षिक वृद्धि पाँच प्रतिशत हासिल गर्ने लक्ष्य सार्वजनिक गरेको थियो, तर यो वृद्धिको लक्ष्यलाई धेरै अर्थशास्त्रीले महत्त्वाकाङ्क्षी भन्दै चीनको आलोचना गरेका थिए।

चिनियाँ अधिकारीहरूले अर्थतन्त्रलाई चलायमान बनाउन विभिन्न उपाय घोषणा गरेका थिए, जसबाट मिश्रित परिणाम हासिल भएको थियो।

तर एउटा सकारात्मक पाटोका रूपमा फेब्रुअरी महीनामा उपभोग्य मूल्यमा सामान्य वृद्धि भएको थियो।

चीनको गैरऔद्योगिक उत्पादनको पिएमआई सूचाङ्क भने मार्चमा सुधार भएर ५३ बिन्दुमा पुगेको छ। अघिल्लो महीना यस्तो पिएमआई ५१.४ बिन्दुमा रहेको थियो।

गत वर्ष चीनको औद्योगिक वृद्धिमा तीव्र निराशाजनक थियो। दशककै सबैभन्दा कमजोर अवस्थामा अर्थतन्त्रको वृद्धि भएपछि सरकारले शृङ्खलाबद्ध आर्थिक राहत प्याकेज घोषणा गरेको थियो।

आधिकारिक विवरणमा सन् २०२३ मा चीनको कुल गार्हस्थ्य उत्पादन ५.२ प्रतिशत थियो। अर्थशास्त्रीहरूले चीनले यस वृद्धिलाई बढाइचढाइ गरेको दावी गरेका थिए। चीनको यो वृद्धि सन् १९९० को दशक र कोभिड महामारीका वर्षहरूपछि सबैभन्दा कमजोर थियो। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | राज्यभय | वृष | वादविवाद |
| मिथुन | यात्रालाभ | कर्कट | कडाश्रम |
| सिंह | चोरभय | कन्या | उदरपीडा |
| तुला | विजय | वृश्चिक | कान्तिक्षय |
| धनु | भाग्योदय | मकर | बेचैनी |
| कुम्भ | मनोरञ्जन | मीन | सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## तान्जानियामा बाढी, धेरै मानिस घरबारविहीन

दार एस सलाम, १८ चैत/सिन्हवा

भारी वर्षाका कारण दक्षिणी तान्जानियाको नाचिङवे जिल्लामा घरहरू भत्किंदा एक हजार ६६० भन्दा बढी मानिस घरबारविहीन भएका एक अधिकारीले बताएका छन्।

नाचिङवेका जिल्लाका आयुक्त मोहम्मद मोयोले बाढीका कारण करीब ७०० घर भत्किएको जानकारी दिए।

प्रभावित व्यक्तिहरूलाई अस्थायीरूपमा सार्वजनिक विद्यालयहरूमा राखिएको र सरकार मानवीय सहायता प्रदान गर्ने प्रयासमा लागेको आयुक्त मोयोले जानकारी गराए। बाढीबाट सर्वाधिक असर परेको नागागामा खेतीबालीमा ठूलो क्षति पुगेको छ। रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**प्याराग्लाइडिङ परीक्षणः** रूकुमपश्चिमको बाफीकोट गाउँपालिका–३ स्यार्पु तालमा प्याराग्लाइडिङ परीक्षण गरिँदै। तस्बिर : बलबहादुर ओली/रासस

## हजारभन्दा बढी सवारीसाधन वीरगंज भन्सारमा थन्किए

वीरगंज (पर्सा), १८ चैत/रासस

वीरगंज भन्सार कार्यालयमा एक हजार दुई सयभन्दा बढी सवारीसाधन जाँचपास नभएर भन्सार 'यार्ड'मा थन्किएका छन्। अटोमोबाइल व्यवसायीले शोरूममा भएका सवारीसाधन बिक्री भएपछि मात्रै भन्सार यार्डमा रोकिएका सवारीसाधनको जाँचपास गराउने गर्दै आएकाले यार्डमा सवारीसाधन थन्किने प्रवृत्ति बढेको हो।

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले कार्यालयमा मात्रै जाँचपास नभएका एक हजार दुई सयभन्दा धेरै इन्धनबाट चल्ने सवारीसाधन रहेका बताए। "यहाँ एक हजार दुई सयभन्दा बढी सवारीसाधन जाँचपास नभई रोकिएका छन्। व्यवसायीहरूले शोरूममा भएका सवारीसाधन बिक्री भएसँगै वा ग्राहकको माग बढेपछि भन्सार जाँचपास गराउने प्रवृत्ति छ।"

कार्यालयका अनुसार भन्सार यार्डमा बस, ट्रक तथा चेसिस र बडीलगायत छन्। भन्सार कार्यालयका अनुसार २०७९ चैतमा भन्सारमा जाँचपास नभएका सवारीसाधनको सङ्ख्या दुई हजार दुई सयभन्दा बढी थियो। त्यसैगरी, २०८० को साउनमा भन्सारमा थन्किएका सवारीसाधनको सङ्ख्या घटेर एक हजार आठ सयमा झरेको थियो। २०८० चैत १५ गतेसम्म भन्सारमा थन्किएका सवारीसाधनको सङ्ख्या एक हजार दुई सय छ।

अटोमोबाइल्स एशोसिएशन अफ नेपालका पूर्वअध्यक्ष ध्रुव थापा आर्थिक मन्दीले दुई वर्षअघिदेखि नै सवारीसाधन भन्सारमा जाँचपास नभई थन्किरहेको बताउँछन्। "पहिला वीरगंज भन्सार कार्यालयमा झन्डै दुई हजार दुई सय सवारीसाधन भन्सार जाँचपास नभई थन्किएकामा अहिले व्यवसायीले विदेशबाट सवारीसाधनको आयात घटाएर भन्सारमा भएको सवारीसाधन छुटाउँदा रोकिएका सवारीसाधनको सङ्ख्या केही घटिरहेको छ," उनले भने, "आर्थिक मन्दी र बैंक तथा वित्तीय संस्थाले सहज ढङ्गले सवारीसाधनमा लागनी नगर्दा पनि सवारीसाधन भन्सारमा नै रोकिएका हुन्।"

पूर्वअध्यक्ष थापाले भन्सारमा रोकिएका इन्धनबाट चल्ने सवारीसाधन खरीद मूल्यभन्दा धेरै रकम भन्सार महसूल तथा राजस्वबापत तिर्नुपर्ने भएकाले पनि बिस्तारै छुटाउने नीति लिंदै आएको बताए। प्रमुख भन्सार प्रशासक पन्थीले भन्सार यार्डमा सवारीसाधन जाँचपास नगरीकनै थन्किनुले सवारीसाधनको बजार सुस्ताएको सङ्केत गर्ने बताउँछन्। "अहिले इन्धनबाट चल्ने सवारीसाधनको माग कम छ। त्यसैले पनि भन्सारमा रोकिरहेका सवारीसाधनको सङ्ख्या केही बढी देखिएको हो," उनले भने, "भन्सार यार्डमा रोकिएका एक हजार दुई सय सवारीसाधनको जाँचपास हुने हो भने कम्तीमा पनि रु १० अर्ब हाराहारीको राजस्व सङ्कलन हुनेछ।"

वीरगंज भन्सार कार्यालयमा भन्सार जाँचपास नभई रोकिएका सवारीसाधनमध्ये अधिकांश व्यावसायिक प्रयोजनका लागि ल्याइएका छन्। भाडाका बस, पिकअपलगायत छन्। "अहिले यहाँका मानिसको क्रय क्षमता निकै घटेको छ। अहिले आर्थिक मन्दीका कारण गाडी किन्ने क्षमतामा मानिस पुगिसकेका छैनन्," पूर्वअध्यक्ष थापाले भने, "अहिले व्यावसायिक गाडीबाट खासै कमाइ छैन। त्यही कारणले पनि व्यावसायिक प्रयोजनका सवारीसाधन खरीद गर्न व्यवसायी अनिच्छुक छन्।"

पूर्वअध्यक्ष थापाका अनुसार बैंक तथा वित्तीय संस्थाले पनि निश्चित प्रकृतिका सवारीसाधनबाहेक अन्यमा फाइनान्सिङ गर्न हिच्किचाइरहेका छन्। "नयाँ सवारीसाधन खरीद गर्नेले अहिले ५० प्रतिशत नगद लगानी गर्नुपर्ने हुन्छ," उनले भने, "बैंक तथा वित्तीय संस्थाले सवारीसाधनमा ५० प्रतिशत लगानी गर्नसमेत आनाकानी गरिरहेकाले केही समस्या भएको हो।"

विगतमा इन्धनबाट चल्ने सवारीसाधनमा सवारीसाधनको कुल लागतको ७०–८० प्रतिशतसम्म लगानी गर्ने व्यवस्था थियो। त्यस बेला 'डाउन पेमेन्ट' भने २०–३० प्रतिशत तिरे मात्रै पुग्ने गर्थ्यो। यद्यपि अहिले पनि विद्युतीय सवारीसाधनमा भने बैंक तथा वित्तीय संस्थाले ७० प्रतिशतसम्म लगानी गर्दै आइरहेका छन्।

### भिठ्ठामोडमा ...

सङ्घका प्रतिनिधिसमेत भेटमा सहभागी थिए।

भिठ्ठामोड वीरगंजपछि मधेसको सबैभन्दा बढी चल्तीको नाका हो। तेस्रो मुलुकसम्म आयात–निर्यात गर्न कोलकाता बन्दरगाहबाट भिठ्ठामोड नाका वीरगंजभन्दा कम दूरीमा रहेको जनप्रतिनिधिको भनाइ छ। उनीहरूले भिठ्ठामोड (जलेश्वर) भन्सार कार्यालयको पूर्वाधार र जनशक्ति वीरगंजपछि सबैभन्दा राम्रो रहेको प्रधानमन्त्रीसमक्ष जानकारी गराएका थिए।

भारतको कोलकातादेखि जयनगरसम्म सञ्चालनमा रहेको रेलमार्गसँगै जोडिएर नेपालतर्फ जयनगर–बर्दिवास रेलसेवा विस्तारको काम भइरहेको छ। बर्दिवासमा रेलवेले अधिग्रहण गरेको ५२ बिघा क्षेत्रफलको जग्गामा कार्गो व्यवस्थापन गरी भिठ्ठामोडमा सुक्खा बन्दरगाह निर्माण गर्न सके यस भेगको व्यापार फस्टाउने व्यवसायीको भनाइ छ।

प्रधानमन्त्रीसँगको भेटमा कोरोना महाव्याधि र आर्थिक मन्दीका कारण राहत दिन बैंकले कर्जा अवधि लम्ब्याउनुपर्ने र थप ऋण प्रवाह गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराएको जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लवराजा सिंहले बताए।

### अनुदानको ...

फागुन ६ गते निर्णय गरिसकेको छ। जस अनुसार सङ्घीय सरकारले कुल रु तीन अर्ब १७ करोड ४२ लाख ३७ हजार रोयल्टी पाउनेछ। त्यस्तै, रोयल्टी बाँडफाँटबाट प्रदेश र स्थानीय तहलाई समान रु एक अर्ब ४५ करोड ३२ लाख ९७ हजार प्राप्त हुने जनाइएको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशको आधारमा अर्थ मन्त्रालयले आगामी आवको लागि निर्धारण गरेको कुल राजस्व रकम रु एक खर्ब ५५ अर्बमध्ये प्रदेश र स्थानीय तहका लागि समान रु ७७ अर्ब ५० करोड र स्थानीय तहको लागि रु ७७ अर्ब ५० करोड रहेको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सुझाव सरकारले कार्यान्वयन गरेको अर्थसचिव पुष्करले बताए। रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रकम वित्त आयोगबाट निर्णय भई आइसकेको भएपनि त्यसको बाँडफाँट भने नभएको उनको भनाइ छ।

"वित्तीय समानीकरण अनुदानको हिस्सा क्रमशः बढाउने तथा सशर्त अनुदानको हिस्सा घटाउँदै लगिने र स्वीकृत वित्तीय समानीकरण अनुदानको हिस्सा विशेष परिस्थितिमा बाहेक नघटाउने नीति लिइएको छ," अर्थसचिव पुष्करले भने, "वित्तीय सङ्घीयताको अनुभवको आधारमा पाँच वर्षे रणनीति बनाउने, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिमार्जन गर्ने र तीन तहका सरकारका बीच सार्वजनिक वित्त व्यवस्थापनमा तादाम्यता कायम गर्नेगरी मन्त्रालयले काम गरिरहेको छ।"


नेपाल टेलिकम
(नेपाल दूरसञ्चार कम्पनी लि.)
दूरसञ्चार कार्यालय वीरगंज

**सिलबन्दी दरभाउपत्र (कोटेशन) रद्दको सूचना**

यस कम्पनीको दूरसञ्चार कार्यालय वीरगंज र अन्तर्गतका कार्यालयहरूमा टेलिफोन लाइन मर्मत सम्भार तथा नयाँ जडान कार्यको लागि ४ थान टेम्पो भाडामा लिन मिति २०८०/११/२२ गते प्रकाशित सिलबन्दी दरभाउपत्र NDCL/NT–Birgunj/SQ–01/080/81 बमोजिम प्राप्त ५ (पाँच)वटा मध्ये कुनै पनि दरभाउपत्र सारभूतरूपमा प्रभावग्राही नभएकोले उक्त सूचना अनुसार गरिएको खरीद प्रक्रिया यसै सूचनामार्फत रद्द गरिएको सबैमा जानकारीको लागि अनुरोध छ।

**सम्पर्कः नेपाल टेलिकम, दूरसञ्चार कार्यालय, वीरगंज ५१-५२३२५५**

# देशभरमा पानीको समस्या समाधान गर्छु –मन्त्री राई

प्रस, धनकुटा, १८ चैत/

खानेपानीमन्त्री राजेन्द्र राईले पानी ओसार्नका लागि थाप्लोमा नाम्लो र कम्मरमा गाग्री बोक्नुपर्ने अवस्थाको अन्त्य गर्नेगरी काम गर्ने बताएका छन् । आइतवार धनकुटाको साँगुरीगढी गाउँपालिका–६ नाम्जेस्थित नाम्जे विद्यालय समुदाय सिंचाइ योजनाको भवन उद्घाटन कार्यक्रममा मन्त्री राईले यस्तो बताएका हुन् ।

अहिले पनि खानेपानी ओसार्नका लागि आमा, दिदीबहिनीहरूले धेरै दुःख गर्नुपरिरहेको भन्दै उनले अब यो अवस्थाको अन्त्य गर्नेगरी काम गर्ने बताए। “आमा, दिदीबहिनीहरूले पानी ओसार्नका लागि अहिले पनि धेरै दुःख गर्नुपरिरहेको छ, देशभरका धेरै ठाउँमा यस्तो समस्या छ,” मन्त्री राईले भने, “अब दिदीबहिनीहरूले पानी ओसार्नका



लागि थाप्लोमा नाम्लो बोक्नुपर्ने र कम्मरमा गाग्री बोकेर हिंड्नुपर्ने अवस्थाको अन्त्य गर्नेगरी काम गर्छौं ।”

देशभरको खानेपानी समस्या समाधानका लागि द्रुत गतिमा काम गर्ने उनको भनाइ छ । खानेपानी समस्या समाधान गर्ने जिम्मेवारी आफ्नो काँधमा आएको भन्दै मन्त्री राईले यो जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्ने उल्लेख गरे। अहिले गाउँगाउँमा विकासले गति लिंदै गएको उनको भनाइ छ । तीव्र गतिमा विकास गर्न सरकार लागिपरेको भन्दै मन्त्री राईले विकासलाई गति दिन सरकार मात्र नभएर जनता पनि लागिपर्नुपर्ने धारणा राखे ।आफू शासक नभई जनताको सेवक भएको तर्क गर्दै उनले जनताले आफूलाई दिएको मत कहिल्यै खेर जान नदिने दाबी गरे ।

# असार १५ गतेभित्र कमला पुल सम्पन्न गर्न निर्देशन

गोदार (धनुषा), १८ चैत/रासस

उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले असार १५ गतेभित्र कमला पुलको निर्माण सम्पन्न गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिएका छन् ।

आइतवार बिहान मन्त्री महासेठले पुलको निरीक्षण गरेका थिए । उनले असार १५ गतेभित्र निर्माण सम्पन्न नभए सरकारले विकल्प खोज्ने चेतावनी दिए।



तस्वीरः रासस

“धनुषा र सिराहाका जनताले यतिका दिन दुःख भोगे अब भोग्न दिन्नँ,” उनले भने, “करीब १३ वर्षदेखि निर्माणाधीन यो पुलको पुनर्निर्माण समयमैं सम्पन्न गर्नुपर्‍यो ।” नेपाल सरकारले पनि निर्माणाधीन योजनालाई समयमैं सम्पन्न गर्ने नीति लिएको उनले बताए ।

मन्त्री महासेठ आज जनकपुरधाम आएलगत्तै कमला पुलसँगै हुलाकी सडकको निरीक्षण गरेका थिए। उनले मधेसको लाइफलाइन मानिने हुलाकी सडकको निर्माण यथाशीघ्र सम्पन्न गराएर जनतालाई सास्ती भोग्नबाट मुक्त गराउने प्रतिबद्धता जनाए ।

उनले धनुषाको औरहीलगायतका ठाउँमा निर्माण हुन बाँकी सडकको निरीक्षण गरेका छन्। बन्न बाँकी सडक र पुल समयमैं निर्माण सम्पन्न गर्न उनले ठेकेदारलाई निर्देशन दिए । ठाउँठाउँमा सडक र पुल निर्माणको काम सम्पन्न नभएर हुलाकी सडक सञ्चालनमा आउन सकेको छैन ।

कमला पुल निर्माणको ठेक्का सम्झौता भएको १० वर्षपछि सम्पन्न भएपनि उद्घाटनको एक महीना अगाडि गत असार १८ गतेको बाढीले भासिएको थियो ।

# विद्यालयलाई पङ्खा सहयोग




तस्वीरः सौजन्य

प्रस, वीरगंज, १८ चैत/

उपकार सेवा नेपालले पर्सा जिल्लाको पुरानो विद्यालयमध्ये पोखरिया नगरपालिका–६ रानीगंज श्रीसियास्थित महोवनी पद्म माविलाई पङ्खा सहयोग गरेको छ ।

गर्मीयाम शुरू भएसँगै विद्यालयमा पङ्खाको अभाव भएको सूचनाको आधारमा दोस्रोपटक १० थान पङ्खा हस्तान्तरण गरिएको नेजामुद्दीन समानीले बताए। संस्थाका अध्यक्ष पूजा सरावगीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नन्द राउतलाई पङ्खा हस्तान्तरण गरेको समानीले जानकारी गराएका छन् ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


## मुखको स्वास्थ्यमा ध्यान दिऔं

**दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदाः**

- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराइडयुक्त टुथपेस्टले दुई मिनेटसम्म दिनको दुईपटक ब्रश गरौं,
- खाना खाइसकेपछि राम्रोसँग ब्रश वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मदतले दाँतमा अडकिएको खाना निकालौं,
- सुर्तीजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

**नियमितरूपमा मुख तथा गिजाको जाँच गराऔं,**
**गम्भीर रोगबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु

प्रस, रौतहट, १८ चैत/

रौतहटमा दुईवटा मोटरसाइकल एकापसमा ठोक्किंदा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बौधीमाई नगरपालिका–४ इनर्वारी निवासी २५ वर्षीय सुरेश पासवान रहेको प्रहरीले जनाएको छ ।

आइतवार बिहान रौतहटको परोहा नगरपालिकाको वसन्तपट्टी र लौकाहाको बीचमा पर्ने सडकमा दुर्घटना भएको र गम्भीर घाइते भएका पासवानलाई थप उपचारको लागि वीरगंज पठाइएको थियो। उनको उपचारको क्रममा निधन भएको प्रहरीले जनाएको छ ।

पासवान र परोहा नगरपालिका जिगडवा निवासी अलियासका मोटरसाइकल एकापसमा ठोक्किएको थियो ।

# रामनवमी पूजा गर्ने निर्णय

प्रस, वीरगंज, १८ चैत/

कुर्मी सशक्तीकरण मञ्च, पर्साले रामनवमीको अवसरमा वैशाख ५ गते रामनवमी पूजा धूमधामले गर्ने निर्णय गरेको छ ।

हिजो मञ्चका अध्यक्ष दीपक पटेलको अध्यक्षतामा बसेको बैठकले रामनवमी पूजा गर्ने र सोही दिन २४ घण्टे अष्टयाम गर्ने, महानगरमा श्रीरामको झन्डासहित नगरपरिक्रमा गर्ने निर्णय गरेको छ। बैठकमा राजेश पटेल, देवप्रकाश पटेल, नरेश पटेल, गौरव सन्तोष पटेल, अनिल कुर्मी, दीपेन्द्रसिंह पटेल, सुरेन्द्र कुर्मी, बाँकेबिहारी पटेल, हरेन्द्र पटेललगायत सहभागी थिए ।

# खेलकूदको संसार

## जीतपुरसिमरा गोल्डकप चैत २४ देखि

प्रस, वीरगंज, १८ चैत/

जगदम्बा स्टील जीतपुरसिमरा गोल्डकप यही चैत २४ गतेदेखि सञ्चालन हुने भएको छ । नवजनजागृति युवा क्लबले आइतवार पत्रकार सम्मेलन गरी जगदम्बा स्टील जीतपुरसिमरा गोल्डकपको १४औं संस्करण चैत २४ देखि शुरू हुने जानकारी गराएको छ ।




तस्वीरः सौजन्य

क्लबका अध्यक्ष रामचन्द्र लामाले जीतपुरसिमरा उपमहानगर अन्तर्गत सिमरा रङ्गशालामा चैत २४ गदेदेखि प्रतियोगिता आयोजना गर्ने र वैशाख ३ गते समापन हुने बताए। उनले यसपटकको प्रतियोगितामा गत वर्षको विजेता चर्च ब्वाइज युनाइटेडसहित त्रिभुवन आर्मी, नेपाल पुलिस क्लब, फ्रेन्ड्स क्लब र मच्छिन्द्र क्लब गरी ‘ए’ डिभिजनका पाँचवटा टीम सहभागी हुने जानकारी दिए ।

यसैगरी, प्रतियोगितामा सशस्त्र प्रहरीको विभागीय क्लब एपिएफ, मकवानपुर–११ हेटौंडा, वीरगंज युनाइटेड क्लब, सिराहाको सहलेश युवा क्लब र आयोजक नवजनजागृति युवा क्लबसहित १० वटा टीमको सहभागी हुने अध्यक्ष लामाले जानकारी गराए ।

प्रतियोगिताका विजेतालाई १० लाख नगद तथा उपविजेतालाई पाँच लाख नगद, शिल्ड, मेडल, प्रमाणपत्र प्रदान गरिने उनले बताए। यसैगरी, प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीलाई मोटरसाइकल प्रदान गरिने र विधागत पुरस्कारतर्फ सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई जनही २५/२५ हजार तथा स्थानीय उदीयमान खेलाडीलाई १५ हजार नगदबाट पुरस्कृत गर्ने योजना रहेको जानकारी गराए। अध्यक्ष लामाले खेल अवधिभर दैनिक ‘म्यान अफ दी म्याच’ घोषित हुने खेलाडीलाई १० हजार नगद पुरस्कारको व्यवस्था गरिएको बताए ।

जगदम्बा स्टील जीतपुरसिमरा गोल्डकप पछिल्लो समयदेखि रात्रिकालीन सञ्चालन हुँदै आएको छ । प्रतियोगिताको आकर्षण बढाउन गत वर्षदेखि खाना महोत्सवको पनि आयोजना गरिएको र यस वर्ष पनि सो कार्यलाई निरन्तरता दिइने अध्यक्ष लामाले बताए ।

होटल तथा पर्यटन व्यवसायी सङ्घ, बाराको सहकार्यमा गत वर्षदेखि खाना महोत्सवको आयोजना गरिएको उनले बताए । प्रतियोगितामा ज्येष्ठ नागरिक र अपाङ्गता भएकाहरूलाई निश्शुल्क आरक्षित सिट र विद्यार्थीका लागि टिकटमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको अध्यक्ष लामाले जानकारी गराए ।

## चर्च ब्वाइजले चुम्यो इटहरी गोल्डकपको उपाधि

धरान (सुनसरी), १८ चैत/रासस

अन्तर्राष्ट्रिय आमन्त्रण इटहरी गोल्डकप फूटबलको उपाधि काठमाडौंको चर्च ब्वाइज युनाइटेडले हात पारेको छ। शनिवार राति इटहरी रङ्गशालामा सम्पन्न खेलमा अघिल्लो संस्करणको उपविजेता चर्च ब्वाइज युनाइटेडले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई १–० गोलले पराजित गर्दै उपाधि चुमेको हो । चर्च ब्वाइजले उपाधिसँगै नगद रु १० लाख प्राप्त गरेको छ । उपविजेतामा सीमित आर्मी क्लबले रु पाँच हात पारेको छ ।

चर्च ब्वाइजलाई च्याम्पियन बनाउन राजेश परियारले निर्णायक गोल गरेका थिए । उनले खेल प्रारम्भ भएको चौथो मिनेटमा गोल गरेका हुन्। खेलको प्रारम्भमा नै गोल गरेर अग्रता लिएको चर्च ब्वाइजले अधिकांश समय रक्षात्मक खेलेर विभागीय टोलीलाई अल्मल्याएको थियो। आर्मीका खेलाडीले पाएका गोलका धेरै अवसर सदुपयोग गर्न नसक्दा चर्च ब्वाइज चम्कन सफल भयो। प्रतियोगिताका नायक राजेश नै ‘म्यान अफ दी म्याच’ घोषित भएर नगद १० हजार पुरस्कार प्राप्त गरे ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी आयोजक राष्ट्रिय जागृति क्लबका प्रवेश दनुवार घोषित भएर नगद रु एक लाख पाए भने उत्कृष्ट डिफेन्डर आर्मीका जीतेन्द्र कार्की, उत्कृष्ट गोलरक्षक चर्च ब्वाइजका दीप कार्की, उत्कृष्ट फरवार्ड आर्मीका नवयुग श्रेष्ठ, उत्कृष्ट मिडफिल्डर चर्च ब्वाइजका सुरजज्यू ठकुरी, उत्कृष्ट प्रशिक्षक सोही क्लबका दर्शन भक्तराज घोषित भएका थिए । उनीहरूले पुरस्कारस्वरूप जनही रु २० हजार प्राप्त गरेका छन् । प्रतियोगितामा सर्वाधिक गोल गरेका डिफेन्डिङ च्याम्पियन सगरमाथा युथ क्लब मोरङका विमल घर्तीमगर बने ।

आयोजक राष्ट्रिय जागृति क्लबका सुमित चौधरी उदीयमान खेलाडी घोषित भएर फूटबल बूट र मेडल प्राप्त गरे । लामो समयसम्म खेल क्षेत्रमा योगदान पुर्‍याएका इटहरीका उमेश कार्कीलाई नगद ११ हजारसहित पुरस्कृत गरियो। विजेता तथा उपविजेता टीमलाई प्रमुख अतिथि कोशी प्रदेशका सामाजिक विकासमन्त्री राजेन्द्र कार्की, इटहरी उपमहानगरपालिकाका प्रमुख हेमकर्ण पौडेल, कोशी प्रदेश खेलकूद विकास बोर्डका सदस्यसचिव हंसराज वाग्लेलगायत खेल पदाधिकारीले पुरस्कार प्रदान गरेका थिए ।

यही चैत १० गतेदेखि शुरू भएको प्रतियोगितामा एक भारतीयसहित स्वदेशी आठ टीमले भाग लिएका थिए ।

## गुजरातविरुद्धको मैत्रीपूर्ण खेलमा नेपाल विजयी

काठमाडौं, १८ चैत/ रासस

त्रिकोणात्मक टी–२० शृङ्खला अन्तर्गत भारतको गुजरातविरुद्धको मैत्रीपूर्ण खेलमा नेपाल विजयी भएको छ । नेपालले गुजरातलाई आठ विकेटले हराएको हो ।

गुजरातको वापीमा नेपालले आइतवार टस जित्दै पहिला फिल्डिङ रोजेको थियो । गुजरातले ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा १८ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर ९८ रन बनायो । गुजरातका लागि रुद्र पटेलले सर्वाधिक २३ रन बनाए । यस्तै, हेमाङ्ग पटेलले २०, सरल प्रजापतिले १७, अभिषेक देसाईंले ११ तथा स्मित पटेलले १० रन बनाएका थिए। बलिङतर्फ नेपालका गुलशन झाले चार, करण केसीले तीन तथा सोमपाल कामीले एक विकेट लिएका थिए ॥

नेपालले ९९ रनको विजयी लक्ष्य १५ दशमलव एक ओभरमा दुई विकेट गुमाउँदै पूरा गर्‍यो । नेपालका लागि कप्तान रोहितकुमार पौडेलले अविजित ३३ रन बनाए । यस्तै, अनिलकुमार साहले अविजित ३२, कुशल भुर्तेलले १७ तथा आसिफ शेखले १६ रन बनाए ।

बलिङतर्फ गुजरातका हेमाङ्ग पटेल र तेजस पटेलले एक/एक विकेट लिए । नेपालले दोस्रो खेल मङ्गलवार भारतको बरोडा क्रिकेट सङ्घसँग खेल्नेछ ।

## मुख्यमन्त्री अन्तरप्रदेश राष्ट्रिय पुरुष कबड्डी प्रतियोगिता

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), १८ चैत/रासस

पश्चिम नवलपरासीमा भोलिदेखि मुख्यमन्त्री अन्तरप्रदेश राष्ट्रिय पुरुष कबड्डी प्रतियोगिता हुने भएको छ। प्रतियोगितमा सातवटै प्रदेशबाट खेलाडी सहभागी हुने आयोजक जिल्ला खेलकूद विकास समितिले जनाएको छ ।

प्रतियोगितामा उत्कृष्ट खेलाडी तथा टोली २२ अप्रिलदेखि बङ्गलादेशमा हुने बङ्गबन्धु कप प्रतियोगितामा भाग लिने प्रमुख प्रशिक्षक विष्णुदत्त भट्टले जानकारी दिए । पश्चिम नवलपरासी कबड्डीको लागि उर्वरभूमि भएकोले प्रतियोगिता यहाँ सञ्चालन गरिएको आयोजकले जनाएको छ ।

प्रतियोगितामा प्रत्येक प्रदेशबाट १२ खेलाडीसहित प्रशिक्षक र व्यवस्थापक गरी कुल १२९ जनाको सहभागिता हुने समितिका अध्यक्ष रीतमानकामु मगरले जानकारी दिए । उनका अनुसार प्रतियोगितामा रु ३२ लाख खर्च हुने अनुमान गरिएको छ ।

प्रदेश खेलकूद परिषद् लुम्बिनीको मुख्य प्रवर्द्धन, लुम्बिनी प्रदेश कबड्डी सङ्घको समन्वय र कबड्डी सङ्घ नवलपरासीको सहआयोजनामा सञ्चालन हुने प्रतियोगिता यही चैत १९ गतेदेखि शुरू भई २१ गते सम्पन्न हुने आयोजकले जनाएको छ ।

प्रतियोगिताको विजेता समूहले रु एक लाख पचास हजार नगदसहित मेडल प्राप्त गर्नेछ। उपविजेता समूहले रु एक लाख पाउनेछ। सेमिफाइनलमा पुग्ने समूहलाई रु ५०/५० हजार पुरस्कारको व्यवस्था गरिएको जिल्ला खेलकूद विकास समितिका उपाध्यक्ष रमेश कर्माचार्यले जानकारी दिए ।